मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३१२ ★ ने. सं. ११४६ थिंला थ्व, दशमी ★ आइतबार ★ १४ मङ्सिर, २०८२ ★ November 30, 2025, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## सबै भ्रष्टाचारीहरूमाथि कारबाही गर्नुपर्ने कुरा किन उठाइँदैन ?

काठमाडौँ, १३ मङ्सिर । 'बीपी प्रतिष्ठानमा अख्तियारको छापा' - (अन्नपूर्ण पोस्ट, शनिबार १३ मङ्सिर २०८२) - प्रम र नेताहरूको नाउँबाट बनेका कुनचाहिँ संस्था र संस्थानहरूमा भ्रष्टाचार छैन ? के 'गणेशमान बाटिका' मा छैन ? के विवादबारे समाचारपत्रहरूमा पाठकहरूले पढेका थिएनन् ? के सार्वजनिक सम्पत्तिबाट निर्मित भवन र संस्थाहरू एक दलको र एक परिवारको सम्पत्तिजस्तो गर्नुहुन्छ ?

नेपाली काङ्ग्रेसभित्रको विवाद 'नेतृत्व' को बारे भन्ने चर्चा छ । के नयाँ र पुरानोबिचको विवाद पदको निम्ति होइन ? के विचार, सिद्धान्त र नीतिगत मतभेद हो ? देशलाई कृषिमा आत्मनिर्भर बनाउने वा विदेशमा युवाहरूलाई जान बाध्य नपार्ने, गाउँ र सहरको बिचमा भएको खाडल पुर्ने र आर्थिक समानताबारे विवाद हो ? अहँ, त्यसबारे दुवै पक्षले मुख खोलेका छैनन् । के होला त विवादको कारण ?

"अर्थमन्त्रीको 'गलत निर्णय' ले अस्वाभाविक रूपमा भित्रिए मापदण्डविपरीतका सवारी" - अर्थमन्त्री हुन् रामेश्वर खनाल । असारमै युरो ६ र युरो ५ का मात्र गाडी आयात गराउने सरकारी निर्णयलाई 'निजी सेवालाई राहत दिने' नाममा युरो ३ मापदण्डका सवारी साधन भित्र्याउने निर्णय राजपत्रमा प्रकाशित' गराएर कस्तो प्रगतिशील र वातावरण सुधारको काम गरेका हुन् ? के नेपाली काङ्ग्रेसभित्र यस्ता भ्रष्टाचारीहरूको विरोधमा प्रश्न उठ्दैनन् ?

नेपाली काङ्ग्रेसमा शेरबहादुर देउवा र परिवार, गृहमन्त्री रमेश लेखक र दीपक खड्का मात्रै भ्रष्टाचारी हुन् ? सुडान काण्ड मच्चाउने र पासपोर्ट काण्ड मच्चाउनेहरूबारे किन प्रश्न उठ्दैन ? सहकारीका ठगीहरूबारे किन विरोध हुँदैन र कारबाही हुँदैन ?

**"तरकारीमा पनि बिचौलियाकै राईंदाइँ, किसानले बेचेको तरकारी उपभोक्ताको भान्सामा पुग्दा ७०० प्रतिशतसम्म महँगो"** - *(नयाँ पत्रिका - ११ मङ्सिर २०८२)* ।

सामन्त, जमिनदार र खुँखार जग्गा धनीहरूले निश्चित सङ्ख्याका आफ्नै जोताहा, हरूवा र चरुवाहरूलाई मात्र दुई बाली र बिनाज्यालाको श्रम गराउँथे ।

यी बिचौलियाहरूले सयौँ र हजारौँ हजार उपभोक्ता जनतालाई ७०० प्रतिशतसम्म हरेक दिन शोषण गर्छन् भने नेपाली काङ्ग्रेस, एमाले, माओवादी, राप्रपालगायत सरकारमा गएका जनमोर्चा र 'मधेसवादी' दलहरू किन मौन छन् ? ती दलहरूका कार्यकर्ता र समर्थक उपभोक्ताहरूको चरम शोषण भइरहेकोबारे किन मौन छन् ? तर, आश्चर्य के हो भने ती बिचौलियाहरू शासक दलहरूकै नेतृत्व र कार्यकर्ताहरूबाट सञ्चालित छन् ।

**'आयुर्वेदप्रति आकर्षण, सरकारको बेवास्ता'** (अन्नपूर्ण पोस्ट- १३ मङ्सिर २०८२) ।

पत्रिका आफै प्रश्न गर्छ - 'सरकारको प्राथमिकतामा किन पर्दैन आयुर्वेद चिकित्सा ?'

उत्तर प्रस्ट छ - विदेशी एलोपेथी औषधिहरू आयात गर्नुभन्दा पहिले नै सरकारले स्वीकृति दिन्छ । स्वीकृति दिने संस्था वा विभाग हो - 'औषधि व्यवस्था विभाग' । यो विभाग प्रत्यक्ष प्रधानमन्त्रीले सञ्चालन गर्दै आइरहेको हो ।

क्यान्सरजस्ता रोगको औषधिहरूका राम्रा कम्पनीहरूले नेपालमा प्रवेशको निम्ति ठुला ठुला रकम घुस दिँदैनन् । तर, औषधि व्यवस्था विभागले बिनाघुसले नेपालमा आयात गर्न स्वीकृति दिँदैन । भारतको दिल्लीमा क्यान्सर अस्पतालको सेरोफेरोमा रहेका हरेक दिन नेपालका हजारौँ जनता उपचार गर्न पुगेका हुन्छन् । कति क्यान्सरका औषधि भारतीय नागरिकहरूलाई मात्र दिने गर्छन् । उपचारको निम्ति नेपाली नागरिकले पनि आफूहरूलाई भारतीय नागरिक भनेर हस्ताक्षर गर्न बाध्य हुन्छन् । हरेक वर्ष नेपालको अर्बौं रकम दिल्लीमा एउटै रोगको लागि खर्च हुन्छ । अपरेसन गर्दा, डेरामा परिवारसमेतलाई राख्नुपर्दाको खर्च, औषधिको भन्दा बढी खर्च हुन्छ ।

तर त्यहाँ दिने विदेशी औषधि अमेरिका, क्यानडाजस्ता ठुला-ठुला कम्पनीको औषधिलाई तत्कालीन प्रम ओलीको बेला मागे पनि घुस नदिएकै कारण राम्रा औषधि आयात गर्न नदिँदा धेरै रोगीहरू घरघर र अस्पतालमा मरेका थिए । यसबारे सदनमा पनि बारम्बार उठ्दासमेत प्रधानमन्त्री ओलीले जवाफ दिएनन् । उनी संसद्लाई चानचुन सम्झन्छन् र उनी संसद्प्रति उत्तरदायी देखिएनन् । भुक्तभोगीहरू भन्थे, "रोगीहरू उनीकहाँ गएर दर्खास्त हाल्नुपर्ने दृष्टिकोण प्रकट गरेका थिए ।" उनको गलत दृष्टिकोणप्रति जनताको ठुलो विरोध रह्यो ।

## शिक्षा र प्रमाणपत्रभन्दा संस्कार र नैतिकता अपरिहार्य




भक्तपुर, १३ मङ्सिर । विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तरसम्बन्धी मापन क्यूएए प्राप्त वागीश्वरी कलेजबाट स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूको शनिबार होटल सिटीगाउँमा दीक्षान्त समारोह सम्पन्न भयो ।

कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा २०८१ (२०२४) मा मानविकी र व्यवस्थापन सङ्कायमा स्नातक तह (बीए र बीबीएस) तथा स्नातकोत्तर तहमा (एमबीएस र एमए) उत्तीर्ण १३९ जना विद्यार्थीहरूलाई दीक्षान्त गरी सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले शिक्षा र प्रमाणपत्रभन्दा पनि संस्कार र नैतिकता अपरिहार्य भएको बताउँदै वागीश्वरी कलेजले देशभक्त इमानदार र सदाचारी व्यक्ति उत्पादनमा जोड दिँदै आएको स्पष्ट पार्नुभयो ।

लोकसेवाबाट पहिलो स्थान नाम निकाल्ने भ्रष्टाचारी हुने भए त्यस्तो जनशक्ति देशको लागि अभिशाप हुने भएकोले वागीश्वरीका विद्यार्थीहरू इमानदार, पारदर्शी र आर्थिक अनुशासनमा बस्ने दक्ष नमुना व्यक्ति हुनेमा विश्वास प्रकट गर्नुभयो ।

विद्यार्थीहरू खुसीले बाहिर गएका नभई शासकहरूले बाहिर जान बाध्य पारेको दृष्टान्त दिँदै उहाँले शिक्षित बेरोजगार बाहिर पठाउँदा आफूहरूले निर्धक्कसँग भ्रष्टाचार र अनियमितता गर्न पाइने सोच शासक दलहरूमा रहेको धारणा उहाँले राख्नुभयो ।

नेताहरूले कार्यकर्तालाई इमानदारिता नसिकाइकन भ्रष्टाचार गर्न प्रोत्साहन गर्दा र भ्रष्ट कार्यकर्ताको संरक्षण गर्दा अहिले ठुला दलहरूका नेताहरूलाई गाह्रो भएको र भागी भागी हिँड्न बाध्य भएको टिप्पणी प्रमुख प्रजापतिले गर्नुभयो ।

कुनै विचार र सिद्धान्त नभएको आन्दोलनले देशलाई भन्दा परनिर्भरतालाई प्रश्रय दिएको र विदेशीहरूलाई फाइदा पुगेको धारणा पनि उहाँले राख्नुभएको थियो ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले स्नातक र स्नातकोत्तरको परीक्षाभन्दा पनि अब जीवनको परीक्षा कठिन हुने भएकोले निरन्तर अध्ययन गरिराख्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "समुदायमा आधारित अनि समुदायले नै अपनत्व लिई सञ्चालन गर्दै आएको वागीश्वरी कलेजजस्तो सामुदायिक कलेजबाट दीक्षित हुनु गर्वको कुरा हो ।"

देश अहिले पनि सङ्कटमा फसिरहेको बताउँदै उहाँले सच्चा नागरिकहरूले मातृभूमिको विकासका लागि योगदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले राजनीति भनेको त्याग हुनुपर्नेमा व्यक्तिगत स्वार्थका लागि काम गर्दा बदनामी कमाएको स्पष्ट पार्नुभयो ।

पार्टीमा सदस्यता प्राप्त गर्नु भनेको ठुलो परीक्षाबाट उत्तीर्ण हुनुजस्तो हुनुपर्नेमा

***बाँकी पृष्ठ ८ मा***

## आमूल परिवर्तनको लागि बहुमत कामदार जनतालाई सचेत र सङ्गठित गर्नुपर्ने

सुर्खेत, १३ मङ्सिर । नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगरको नगर भेला बाङ्गेसिमलमा शनिबार सम्पन्न भयो ।

भेलामा नेमकिपाका पूर्व केन्द्रीय सदस्य एवम् पार्टी सल्लाहकार नर्मा गुरूङले नि:स्वार्थ रूपमा पार्टी कार्यकर्ता नलागेसम्म समाजवादी क्रान्तिको जग नबस्ने बताउनुभयो ।

आमूल परिवर्तनको लागि बहुमत कामदार जनतालाई सचेत र सङ्गठित पार्नुपर्ने अहिलेको आवश्यकता हो, उहाँले भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले निर्वाचन जित्नकै लागि दल बदल र विभिन्न नामका पार्टीहरू फुट्ने र जुट्ने गरेको चर्चा गर्दै सत्तामा गएका पार्टीहरूले विभिन्न हत्कण्डा मच्चाएर निर्वाचन जिती देशलाई कङ्गाल बनाइरहेको छ भन्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य एवं जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले बहुमत जनता सचेत र सङ्गठित नभएसम्म व्यवस्था परीवर्तन हुनसक्दैन भन्नुभयो ।

शेरबहादुर शाहीको अध्यक्षतामा भएको भेलामा धनेन्द्र विक, लालबहादुर थापा, दीपक शाही, अकल राना, गणेश खड्का, अम्मर भण्डारी, मनबहादुर विक, अङ्गबहादुर शाही, विजुकला रानालगायतले बोल्नुभएको थियो ।

भेलाले शेरबहादुर शाहीको संयोजकत्वमा १५ सदस्यीय नेमकिपा वीरेन्द्रनगर दोस्रो नगर सम्मेलन तयारी समिति गठन गरेको छ ।

### व्यङ्ग्यचित्र कुनो




हार्दिक बधाई ज्ञापन


श्री चन्द्रकृष्ण ग्वाछा


श्री श्यामसुन्दर बेकोजु


श्री रत्नप्रसाद कवां

मिति २०८२।०८।०१ गते काठमाडौँ उपत्यका इँट्टा बिक्री डिपो सङ्घको २८ औं साधारणसभा तथा ८ औं अधिवेशनबाट यस संस्थाका उपाध्यक्ष **श्री चन्द्रकृष्ण ग्वाछा** अध्यक्ष तथा अध्यक्ष **श्री श्यामसुन्दर बेकोजु** उपाध्यक्ष र ऋण उपसमिति सदस्य **श्री रत्नप्रसाद कवां** सञ्चालक सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरूलगायत सम्पूर्ण निर्वाचित पदाधिकारीहरूको पूर्ण कार्यकालको सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछ ।

**समय बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह रोड-८, भक्तपुर, फोन नं. ०१-६६१५३१५

# बेखाल स्वास्थ्य केन्द्रमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ तथा स्तन परीक्षण शिविर




भक्तपुर, १३ मङ्सिर । भक्तपुर नगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा शनिबार बेखाल स्वास्थ्य केन्द्रमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ तथा स्तन परीक्षण शिविर सम्पन्न भएको छ ।

महिलामाझ क्यान्सरसम्बन्धी जोखिम, प्रारम्भिक पहिचान र समयमा उपचारको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यले आयोजना गरिएको शिविरलाई स्थानीयवासीको उल्लेख्य सहभागिता भएको वडा कार्यालयले जनाएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर आज शैक्षिक गन्तव्यस्थलको रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै ख्वप अस्पतालमा घुँडाको प्रत्यारोपण सफल रूपमा सम्पन्न भइसकेको जानकारी दिनुभयो ।

उपप्रमुख जोशीले भन्नुभयो, "क्यान्सरका बिरामीहरू देशभर बढ्दै गइरहेका छन् र भक्तपुर नगरपालिकाले कडा रोग लागेकालाई १५ हजार रूपैयाँको आर्थिक सहयोग दिँदै आइरहेको छ । समयमै परीक्षण र औषधोपचार नगरे क्यान्सर जटिल बन्ने भएकोले सबै महिलाले नियमित रूपमा स्वास्थ्य परीक्षण गर्न आवश्यक छ ।"

उहाँले चीनको स्वशासित शाननान क्षेत्रबाट भक्तपुर नगरपालिकालाई ल्याप्रोस्कोपी मेसिन हस्तान्तरण गरिसकेको जानकारी दिनुभयो । नगरपालिकाले आगामी मङ्सिर १७ गते विश्व अपाङ्गता दिवस र मङ्सिर २० गते योमरी उत्सव प्रतियोगिता आयोजना गर्न लागेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिका १० नं वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले जनस्वास्थ्यलाई प्राथमिकता दिएर स्वास्थ्य शिविर सञ्चालन गरिएको बताउनुभयो । उहाँले रोग नियन्त्रणको अभियानलाई सबै वडामा विस्तार गर्दै जाने उल्लेख गर्दै ख्वप अस्पतालसँग सहकार्यमा बेखाल स्वास्थ्य केन्द्रलाई बिहानैदेखि नियमित सेवा सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका नर्स अधिकृत रचना सुवालले हरेक ३ देखि ५ वर्षमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्न अनिवार्य रहेको बताउँदै परीक्षणमार्फत प्रारम्भिक अवस्थामा नै क्यान्सरको जोखिम पत्ता लगाउन सकिने जानकारी दिनुभयो ।

कार्यक्रममा वडा सदस्य जितेन्द्र मुनकर्मी र कृष्णनारायण दुमरुले पनि बोल्नुभएको थियो । ख्वप अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न भएको शिविरमा ९७ जनाले स्वास्थ्य परीक्षण गरिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो ।

# नवज्योति बचतको २१ औँ वार्षिक साधारणसभा

भक्तपुर, १३ मङ्सिर । नवज्योति बचत तथा ऋण सहकारी संस्था लि.को २१ औँ वार्षिक साधारणसभा एक समारोहबिच शनिबार सम्पन्न भयो ।

सभामा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका जगन्नाथ प्रजापतिले समुदायमा आधारित सहकारी संस्थाहरू सदैव राम्रो हुने बताउनुभयो । समुदायमा आधारित संस्थाहरूको आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले शेयर सदस्यहरू सचेत हुनुपर्छ भन्नुभयो ।

स्थानीय सरकारको स्वीकृतिबेगर स्थापना भएका बहुउद्देश्यीय सहकारीहरूबाट सचेत हुनुपर्ने बताउँदै उहाँले सरकारको कमजोरीले गर्दा सहकारी संस्थाहरू डुबेको हो भन्नुभयो ।

संस्थाका अध्यक्ष काजीबहादुर पञ्चको सभापतित्वमा भएको उक्त सभामा सचिव शिवबहादुर खुलिमुली र कोषाध्यक्ष सूर्यबहादुर माकजूले पनि बोल्नुभएको थियो ।

# चाँगुनारायणमा टमाटरको टनेल खेती सुरु

**- नविना खड्का, प्रशिक्षार्थी ।**

चाँगुनारायण नगरपालिका-८ मा टमाटरको टनेल खेती औपचारिक रूपमा सुरु गरिएको छ । स्थानीय किसानहरूले प्लास्टिकको टनेल प्रयोग गरी टमाटर उत्पादन गर्न थालेका छन् । किसानहरूको भनाइमा, यस प्रविधिले हावापानीको प्रतिकूल प्रभावबाट बोटलाई जोगाउने र उत्पादन वृद्धि गर्न ठुलो मद्दत गर्छ ।

किसानहरूका अनुसार टनेलभित्र आवश्यक तापक्रम र आर्द्रता कायम हुने भएकोले चिसो, अत्यधिक वर्षा तथा कीराको प्रकोपबाट टमाटर सुरक्षित रहन्छ । बाँसको ढाँचा र यूभी प्लास्टिकको सहायताले बनाइने यस्ता टनेलहरूको उपयोग अहिले स्थानीय क्षेत्रमा बिस्तारै बढ्दै गएको छ ।

प्लास्टिक हाउस प्रविधिबाट निर्माण गरिएका टनेलहरूले तापक्रम सन्तुलनमा राख्ने, वर्षाको असर कम गर्ने तथा रोग-कीराबाट बालीलाई जोगाउने सुविधा प्रदान गर्छन् । यसले खुला बारीको तुलनामा टमाटरको गुणस्तर र उत्पादन दुवै उल्लेख्य रूपमा बढाएको किसानहरूको अनुभव छ । सुरुवाती लगानी केही बढी लागे पनि उत्पादन झण्डै दोब्बर हुने भएकाले किसानहरूले राम्रो आम्दानी हासिल गर्न सकेका छन् ।

यस प्रकारको खेतीका लागि आवश्यक प्राविधिक ज्ञान, सिँचाइ, मल, र स्रोत-साधन व्यवस्थापन अनिवार्य हुने किसानहरूको भनाइ छ । टनेल खेतीले बजारको मागअनुसार वर्षभरि टमाटर आपूर्ति गर्न सहज बनाउने भएकोले चाँगुनारायण क्षेत्रलाई टमाटर उत्पादनको सम्भावनायुक्त क्षेत्र मानिन थालेको छ ।

किसानलाई थप प्रोत्साहन दिन चाँगुनारायण नगरपालिकाले टमाटर खेती तथा आधुनिक कृषि प्रविधिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ ।

युवाहरूको चासो बढ्दै गएसँगै टनेल प्रविधिबाट हुने व्यावसायिक टमाटर उत्पादनका कारण चाँगुनारायण क्षेत्र आधुनिक कृषि गतिविधिको नयाँ केन्द्रको रूपमा विकास हुँदै गएको देखिन्छ ।

# 'बेसमेन्ट' खन्दा छिमेकीको घर चर्केको उजुरी बढ्यो

काठमाडौँ, १३ मङ्सिर । काठमाडौँ महानगरपालिकामा भवन निर्माणका लागि बेसमेन्ट खन्दा निर्माण पक्षले सुरक्षा उपाय नअपनाएका कारण छिमेकीको घर चर्केको उजुरी सङ्ख्या बढ्न थालेको छ ।

पछिल्लो समय घर चर्केको मात्रै नभई कोल्टिएको, घरमा बस्न असुरक्षा भएको कारण बताउँदै क्षतिपूर्तिको मागसहित उजुरी दिने छिमेकीको सङ्ख्या बढ्न थालेको कामपा सहरी व्यवस्थापन विभागका प्रमुख इन्जिनियर हरिश्चन्द्र लामिछाने जानकारी दिनुभयो ।

उहाँका अनुसार भवन नक्सा स्वीकृत गर्दा नै यस प्रकारको काम गर्दा सुरक्षा उपाय बलियो प्रबन्ध गर्न, छिमेकीलाई असर नगर्न घरधनीले प्रतिबद्धता गर्नुपर्ने माग गरिएको छ । उहाँले भन्नुभयो, "यस्ता समस्या पहिले थोरै सुनिन्थे । अहिले बढ्न थाले । यसको दिगो समाधानका लागि प्राविधिक र सामाजिक पक्षको अध्ययन गर्नुपर्छ । विज्ञ र साझेदारको सहयोगमा हामी यो समस्या समाधानलाई अगाडि बढाउँछौँ ।"

"कानुनी मर्यादामा निर्माण पक्षले लापर्वाही गर्दा समस्या आएका हुन्", लामिछाने थप भन्नुहुन्छ, "भवन नक्सा स्वीकृति लिँदा तोकिएका सर्तहरूको पूर्ण पालना हुनुपर्छ । सर्त पूरा नहुँदा विवाद सृजना हुन थाले । यसले निर्माण अवधि पनि लामो हुन्छ । खर्च बढ्छ ।"

यसरी उजुरी परेपछि प्राविधिक टोलीलाई फिल्ड निरीक्षणमा पठाएर प्राविधिक टोलीले दिएको प्राविधिक प्रतिवेदनअनुसार कुन प्रक्रिया अवलम्बन गर्दा पीडितको क्षति कम हुन्छ । त्यसबाट कारबाही अगाडि बढाउने गरिएको लामिछानेको भनाइ छ ।

विभागका स्ट्रक्चर इन्जिनियर सन्तोष पाण्डेयका अनुसार बेसमेन्ट खनेका आफ्नो घर चर्किएको भनेर उजुरी दिनेहरूको सङ्ख्या दैनिक ३० को हाराहारीमा पुगेको छ । वडा नम्बर १३, १४, १५, ७ लगायत वडाबाट धेरै उजुरी र गुनासो रहेको पाण्डेयको भनाइ छ ।

जिओटेक्निकल इन्जिनियर उदयराज न्यौपाने भन्नुहुन्छ, "मानिस मानिस छिमेक भएजस्तै जमिन सतहको माटोको पनि आपसमा सम्बन्ध हुन्छ । यसलाई खन्दा सम्बन्ध टुट्छ । यो पक्षलाई नबुझ्दा समस्या आएको हो । भवन निर्माण गर्दा भवन निर्माण संहिताले निर्माण सुरक्षा अपनाउनुपर्ने व्यवस्था गरेको छ । यस्तै मुलुकी देवानी संहिता २०७० को परिच्छेद ३ को दफा २७८ बमोजिम निर्माणसम्बन्धी काम गर्दा सुरक्षात्मक उपाय अपनाउनुपर्छ । कुनै व्यक्तिले आफ्नो घर वा जग्गामा कुनै काम गर्दा सधियारको घर वा जग्गा वा संधियारलाई कुनै किसिमको हानिनोक्सानी नहुने वा असर नपर्नेगरी सुरक्षात्मक उपाय अपनाउनुपर्नेछ ।" ***(रासस)***

# धेरै दर्शक र पर्यटकको आकर्षण बनेको भक्तपुरको घ्याम्पे डाँडा

**- सलिना मानन्धर, प्रशिक्षार्थी**

सूर्यविनायक नगरपालिका-६ मा अवस्थित घ्याम्पे डाँडा पछिल्ला वर्षहरूमा धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको आकर्षक केन्द्रको रूपमा विकास भइरहेको छ । हरियालीले भरिएको पहाडी भू-भाग, खुला वातावरण, काठमाडौँ उपत्यकाको राम्रो दृश्य र पछिल्लो समय विकसित भइरहेका धार्मिक संरचनाहरूका कारण घ्याम्पे डाँडा स्थानीय तथा बाह्य पर्यटकहरूको रोजाइमा पर्न थालेको छ ।

यस क्षेत्रको लोकप्रियता बढ्नुमा पाइलट बाबा आश्रम प्रमुख कारण बनेको स्थानीयवासीहरू बताउँछन् । ध्यान, साधना, योग र आध्यात्मिक अभ्यास गर्न चाहनेहरूका लागि यो आश्रम शान्त र उपयुक्त स्थान मानिन्छ । दैनिक रूपमा यहाँ ठुलो सङ्ख्यामा भक्तजन तथा पर्यटकहरू आउने-जाने गर्छन्, जसले घ्याम्पे डाँडाको पर्यटन गतिविधि स्वाभाविक रूपमा बढाएको छ । पर्यटकीय दृष्टिले पनि यो डाँडो निकै सम्भावनायुक्त मानिन्छ । घ्याम्पे डाँडाबाट काठमाडौँ उपत्यका र भक्तपुर क्षेत्र एकै नजरमा हेर्न सकिने भएकाले धेरैजना फोटोग्राफी, दृश्यावलोकन र छोटो घुमफिरका लागि पनि यहाँ पुग्ने गरेका छन् । घ्याम्पे डाँडाको महत्त्वपूर्ण पक्ष धार्मिक संरचनामा मात्र सीमित छैन । यहाँबाट देखिने सूर्योदय र प्राकृतिक वातावरणले समेत आकर्षित गरिरहेको छ । युवा तथा पारिवारिक समूहहरू पनि पिकनिक, पदयात्रा तथा फोटोग्राफीका लागि यहाँ आउन थालेका छन् ।

स्थानीय निवासी पुष्पा केसी भन्नुहुन्छ, "यो स्थान कुनै साधारण धार्मिक थलो मात्र होइन, एक अनुभूति हो । यहाँ आउने मान्छेहरू आफ्नो मानसिक सन्तुलन र स्थिरता खोज्दै जान्छन् ।"

यहाँ भइरहेका धार्मिक संरचनाहरूका कारण घ्याम्पे डाँडा स्थानीय तथा बाह्य पर्यटकहरूको रोजाइमा पर्न थालेको छ । पछिल्लो समय स्थानीय तहले पनि घ्याम्पे डाँडालाई व्यवस्थित धार्मिक-पर्यटन क्षेत्रका रूपमा विकास गर्न ध्यान दिइरहेको छ । सहज पहुँच, शान्त वातावरण र आध्यात्मिक ऊर्जा बोकेको यो स्थान अहिले भक्तपुरको एउटा पहिचान बन्दै गएको छ ।

# 'टिपिएस' विधिबाट आलु खेती

कञ्चनपुर, १३ मङ्सिर । शुक्लाफाँटा नगरपालिका-८ नौखरीका व्यावसायिक तरकारीखेतीमा संलग्न किसान महादेव चौधरीले यसवर्ष पहिलोपटक टिपिएस (ट्रयु पोटेटो सिडस) विधिबाट आलुखेती गर्नुभएको छ । चौधरीले आलुको बिँडाबाट प्राप्त वास्तविक बियाँ प्रयोग गरी नर्सरीमा बिरुवा उत्पादन गरेपछि खेतमा सारेर उहाँले बिरुवा रोप्नुभएको हो ।

चौधरीका अनुसार टिपिएस विधिबाट प्राप्त बिरुवा रोगप्रतिरोधी, स्वस्थ र बढी उत्पादन दिने भएकाले यसलाई प्राथमिकता दिएको बताउनुभयो । "पहिले बियाँ रोपेर बेर्ना बनायौँ, त्यसपछि खेतमा सारेर रोप्यौँ", चौधरीले भन्नुभयो, "यसबाट आगामी वर्ष रोगमुक्त उच्च गुणस्तरको बीउ उत्पादन गर्ने लक्ष्य छ ।"

एक दशकदेखि व्यावसायिक तरकारीखेतीमा संलग्न चौधरीका लागि टिपिएस विधि बियाँ उत्पादनतर्फको प्रवेशको पहिलो अनुभवका रूपमा रहेको छ । आधुनिक आलु उत्पादन प्रविधि उपयोग गरेर बीउ उत्पादन लागत घट्ने, रोगको जोखिम कम हुने र उत्पादन वृद्धि हुने भएकाले नयाँ विधि अपनाएको चौधरीले बताउनुभयो ।

हाल चौधरीले दुई कट्ठा क्षेत्रमा बियाँबाट तयार पारिएका आलुका बिरुवा रोप्नुभएको छ । आउँदो वर्ष दश कट्ठा जग्गामा यसै विधिबाट उत्पादन भएको मूल बीउ रोपेर रोगमुक्त आलु बीउ उत्पादन गर्ने लक्ष्य राख्नुभएको छ । टिपिएसबाट उत्पादन हुने बीउको मूल्य अधिक हुने भएकाले आम्दानीमा उल्लेख्य वृद्धि हुने उहाँको अपेक्षा रहेको छ । चौधरीले हाल आलुसँगै काउली, गोलभेडा, खुर्सानी, बन्दागोभी, तिते करेला, काँक्रा, लौका, फर्सी र तने बोडी गरी दश कट्ठा क्षेत्रफलमा विविध सागसब्जीखेती गर्दै आउनुभएको छ ।

सँगसब्जी उत्पादनबाट चौधरीले वार्षिक रु. सात लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । "टिपिएस आलुखेतीलाई भविष्यमा बीउ उत्पादन तथा आधुनिक तरकारी व्यवसाय विस्तारको मुख्य आधारका रूपमा लिएको छु", उहाँले भन्नुभयो, "यसरी उत्पादन भएको आलुको बीउलाई व्यावसायिक रूपमा आलुखेती गर्ने किसानलाई उपलब्ध गराउने योजना छ ।"

भावपूर्ण श्रद्धाञ्जली तथा हार्दिक समवेदना

जन्मवास
१९८६ साल
(शिवरात्रीको औंशी)



स्वर्गवास
२०८२ साल
(मङ्सिर ८ गते शुक्ल चतुर्थी)

स्व. सावित्री श्रेष्ठ
(९६ वर्ष)

यस बचत समूहका सदस्य केशव श्रेष्ठकी ममतामयी माता **सावित्री श्रेष्ठ**को स्वर्गारोहण भएको आज (२०८२/०८/१४) आइतबार, सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिको अवसरमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

च्याम्हासिङ्ग-देगईना बचत समूह परिवार
भक्तपुर नगरपालिका-९, भक्तपुर

## सङ्क्षिप्त समाचार

# अझै २७३ कैदीबन्दी फरार

जलेश्वर (महोत्तरी), १३ मङ्सिर । जेनजीको आन्दोलनका क्रममा गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीमध्ये २७३ जना अझै फरार रहेका छन् ।

जलेश्वर कारागार तोडेर भागेका ४० भारतीयसहित ५७६ कैदीबन्दीमध्ये ३०३ जना फर्किसकेका जेलर अशोककुमार क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार अझै पनि भागेका कैदीबन्दी आउने क्रम जारी रहेको छ ।

कारागार तोडेर भागेका कैदीबन्दीलाई भदौ २५ गते कारागार प्रशासनले फर्किन आह्वान गरेको थियो । जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित कानुनबमोजिम कारबाही हुने तथा कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्ति उपर पनि कानुनबमोजिम कारबाही हुने बताउनुभयो ।

जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राऊ गरी पुन: कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दी आफैँ स्वेच्छाले कारागारमा फर्किएका हुन् । फरार कैदीबन्दीको खोजतलाश गरिरहेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । *(रासस)*

# चार महिनामा १६ हजार पर्यटक मनाङमा

मनाङ, १३ मङ्सिर । चालु आर्थिक वर्षको प्रथम चार महिनामा १६ हजार २९६ पर्यटकले मनाङ भ्रमण गरेका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालयका प्रमुख ढकबहादुर भुजेलका अनुसार उक्त अवधिमा १०७ देशका नागरिकले मनाङ भ्रमण गरेका हुन् । मनाङ आएका पर्यटकमध्ये सार्क राष्ट्रका ८१२ पुरुष र १७७ महिला तथा अन्य मुलुकका पर्यटकमध्ये नौ हजार ६९५ पुरुष, छ हजार ६०१ महिला हुन् । इजरायलका एक हजार ९१०, फ्रान्सका एक हजार ३९२ र जर्मनीका एक हजार २०८ नागरिकले मनाङ भ्रमण गरेका छन् । *(रासस)*

# बजार अनुगमनलाई तीव्र पार्दै विभाग

काठमाडौँ, १३ मङ्सिर । चाडबाडको समयमा मात्रै बजार अनुगमन गरेको र अन्य समयमा भने चुपचाप बस्ने गरेको भनेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागप्रति गुनासो हुने गरेको थियो । तर, विभागका पछिल्ला गतिविधि र बजार अनुगमनलाई आयोजकले तीव्र पारेको छ ।

विभागले शुक्रबार मात्रै काठमाडौँका विभिन्न आठ उद्योग तथा फर्मको अनुमगन गरेको थियो । त्यसक्रममा क्रिष्टल स्टोर तारकेश्वर गोलढुङ्गालाई रु. दुई लाख पाँच हजार जरिवाना गरेको छ । विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारवाही गरेको हो । त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

ऐनको दफा ३९ मा 'बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक , ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले जरिवाना गर्न सक्नेछन् । ऐन अनुसार अनुचित व्यापारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम रु. दुई लाखदेखि रु. तीन लाखसम्म जरिवाना गर्न सक्नेछन् ।

काठमाडौँ महानगरपालिका ३१ नयाँ बानेश्वरमा अवस्थित घुम्ने किचेनलाई रु. २० हजार जरिवाना गरेको छ । सिनामङ्गलको ग्रिन बड्स बेकरी क्याफेलाई रु. पाँच हजार जरिवाना गरेको छ । ललितपुरको सुमेरु अस्पताल परिसरमा रहेको क्यान्टिनलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अन्य तीन फर्मलाई भने सामान्य निर्देशन दिइएको छ । *(रासस)*

# बैतडी कारागारका ५९ जना बन्दीलाई स्थानान्तरण गरियो

दशरथचन्द (बैतडी), १३ मङ्सिर । बैतडी कारागारमा रहेका कैदी र थुनुवालाई स्थानान्तरण गरिएको छ । जीर्ण अवस्थामा रहेको भवनलाई नयाँ निर्माण गरिने भएकाले यहाँ रहेका कैदी र थुनुवालाई विभिन्न कारागारमा स्थानान्तरण गरिएको हो । कूल ५३ जना कैदी र छजना थुनुवालाई डडेलधुरा, दार्चुला, बझाङ र बाँकेका कारागारमा स्थानान्तरण गरिएको कारागार कार्यालय बैतडीका प्रमुख धारा भण्डारीले जानकारी दिनुभयो ।

दार्चुला कारागारमा छ थुनुवा र तीन जना कैदी, बझाङ नौ जना कैदी, डडेल्धुरा १४ जना कैदी र बाँकेको नौबस्ता कारागारमा २७ जना कैदीलाई स्थानान्तरण गरिएको उहाँले बताउनुभयो। कूल २५ जना कैदीबन्दीको क्षमता रहेको कारागारमा ५९ जना कैदीबन्दी रहेका थिए । ८५ क्षमताको नयाँ बन्दीगृह निर्माण गरिने कारागार बैतडीले जनाएको छ । "सघन सहकारी तथा भवन निर्माण आयोजना कार्यालय डोटी र निर्माण कम्पनीबिच सम्झौता भैसकेको छ", उहाँले भन्नुभयो, "कार्यदिशसमेत आइसकेको छ । अबको एक/दुई दिनभित्र काम सुरु हुन्छ ।" बन्दीगृह निर्माणका लागि रु. १० करोड बजेट विनियोजन गरिएको छ । केकेजे कालिका एस बी जेभी सुकेधाराले बन्दीगृह निर्माणको काम गर्नेछ । सो कम्पनीसँग रु. सात करोड ९७ लाख ७१ हजार ४१९ मा सम्झौता भइसकेको सघन सहकारी तथा भवन निर्माण आयोजना कार्यालय डोटीले जनाएको छ ।

विसं २०८४ असार १५ गतेभित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य रहेको छ । नयाँ बन्दीगृह निर्माण भएपछि कैदीबन्दीको व्यवस्थापनमा सहजता आउने विश्वास गरिएको कारागार प्रमुख भण्डारीले बताउनुभयो । *(रासस)*



**जीर्ण अवस्थामा तिलावे पुल**

पर्साको ग्रामीण भेगसँग जोड्ने वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सिमानामा जीर्ण अवस्थामा रहेको तिलावे पुल । गत वर्ष वर्षात्मा आएको बाढीका कारण पुल क्षतिग्रस्त भएकोमा अहिलेसम्म पुलको मर्मतसम्भार वा नयाँ संरचना निर्माणको काम अघि बढ्न सकेको छैन ।

*तस्बिर : हिमाल लम्साल/रासस*

# चिसो पहाडबाट झरेर तराईमा जडीबुटी व्यवसाय

धरान (सुनसरी), १३ मङ्सिर । सङ्खुवासभामा जन्मेर हिमाली भेगको चिसो हावापानी र भिरालो डाँडाकाँडामा हुर्किनुभएकी आचुङ्मा भोटे विगत १६ वर्षदेखि तराई झरेर जडीबुटी व्यवसाय गर्दै आउनुभएको छ । इटहरी उपमहानगरपालिका–६ टेङ्गा खोला नजिकै हटियालाइनमा खुला आकाश मुनि विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै उहाँले राम्रो आम्दानी गर्दै आउनुभएको छ ।

भोटेका अनुसार जडीबुटी व्यवसाय उहाँहरूको पुर्खौली पेसा नै हो । जिजुबाजेदेखि बुबाआमासम्मकै पुस्ताले जडीबुटी सङ्कलन तथा बिक्री गर्दै आएको परम्परालाई उहाँले निरन्तरता दिइरहनुभएको बताउनुभयो । भोटेले भन्नुभयो, पहाडमा पहिला अस्पताल र सडक सुविधा नहुँदा बिरामी पर्दा हामीले यही जडीबुटी प्रयोग गर्ने गरेका थियौँ । यही ज्ञानलाई निरन्तरता दिँदै तराई झरेर यही व्यवसाय सुरु गरेकी हुँ ।"

पहिला हिउँद सुरु भएपछि लेकाली क्षेत्रमा पाइने जडीबुटी बोकेर बुबाआमाले कुम्लोमै बोकेर महिनौ दिन हाटबजारमा बिक्री गर्दै तराई झर्नुहुन्थ्यो । अहिले भने सडक यातायातको पहुँच पुगेसँगै गाउँमै पनि व्यापार गर्न सहज भएको छ । सुरुमा सहरको बसाइ र गर्मीको मौसम निकै गाऱ्हो भए पनि बिस्तारै बानी पर्दै गएपछि व्यवसाय वृद्धि हुँदै गएको उहाँको भनाइ छ । अहिले दैनिक रूपमा रु. ६ हजारदेखि रु. १० हजारसम्म आम्दानी हुने गरेको छ । आइतबार हटियाको दिन भने रु. १५ हजारदेखि रु. २० हजारसम्म आम्दानी हुने गरेको भोटेले जानकारी दिनुभयो ।

भोटेको पसलमा हाल १०० भन्दाबढी जडीबुटी बिक्रीका लागि राखिएका छन् । रु. ५ देखि रु. २० हजारसम्मका जडीबुटी बिक्रीका लागि उपलब्ध छन् । रक्सी बनाउन प्रयोग हुने मर्चादेखि धार्मिक तथा सांस्कृतिक प्रयोजनका सामग्रीसम्म बिक्रीमा छन् । किरात समुदायले साकेला पर्वमा प्रयोग गर्ने चौरीको पुच्छरसमेत उहाँले बिक्रीका लागि राख्नुभएको छ ।

भोटेले शिलाजित, पदमचाल, सुगन्धवाल, टिमुर, हिँग, केसर, बतिसा, जेठिमधु, यार्सागुम्बासहित विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो, अहिलेसम्म कुनै पनि ग्राहकबाट नकारात्मक प्रतिक्रिया आएको छैन, एकपटक सामन किनेर गएपछि अर्को पटक फर्केरै आउनुहुन्छ, यही मेरो सफलताको आधार हो । अहिले धेरैजसो काठमाडौँ, विराटनगर, वीरगञ्ज, मोरङ, झापालगायत स्थानबाट फोनमार्फत धेरै अर्डर आउने गरेको छ ।

सोही ठाउँमा जडीबुटी व्यवसाय सञ्चालन गर्दै आउनु भएकी पासाङ् ल्यामु भोटियाले पनि १५ वर्षदेखि यही पेशालाई आत्मनिर्भरताको आधार बनाउँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "घरखर्चदेखि बालबच्चाको पढाइलेखाइसम्म सबै खर्च यही व्यवसायबाट धानिँदै आएको छ जडिबुटी व्यवसायबाट राम्रो भएको छ आम्दानी मेरो आम्दानीको श्रोत नै यही हो ।"

लेकमा जन्मेर तराई झरेको पहाडी भेगको चिसो हावापानीसँग खेलेर हुर्केको सुरुमा गर्मी ठाउँमा झरेर व्यापार गर्दा निक्कै गाऱ्हो भएको थियो । अहिले भने घाम सहन बानी परिसक्यो व्यापारमा पनि सहज भएको छ । भोटियाले भन्नुभयो, यो जडिबुटी भनेको हाम्रो पुर्खौली पेसा नै हो । अन्य पेसामा ज्ञान नभएका कारण पुर्खौली पेसा जडीबुटी व्यवसाय नै रोजेको उहाँले बताउनुभयो । बिक्रीका लागि जडिबुटी, सङ्खुवासभा, भोटखोला, साथै नेपालका विभिन्न ठाउँ र भारतबाट जडीबुटी आउने गरेको भोटियाले बताउनुभयो ।

सङ्खुवासभाको चेपुवा, हटिया, भोटखोला, होङ्गोङ, गोलालगायत हिमाली क्षेत्रका शेर्पा तथा भोटे समुदायमा शनिबार पनि जडीबुटी सङ्कलन तथा बिक्री परम्परागत पेसाका रूपमा चलिआएको छ । विगतमा महिनौँ यात्रा गर्दै बर्कीका कुम्लो बनाएर बोकेर गाउँ सहर डुल्ने परम्परा रहे पनि अहिले यातायात तथा आपूर्तिको सहजताले गाउँमा पनि व्यवसाय गर्न सहज भएको व्यापारीको भनाइ छ । *(रासस)*

# नेपाल उत्कृष्ट साहसिक पर्यटन गन्तव्यको रूपमा सम्मानित

काठमाडौँ, १३ मङ्सिर । भारतको पुणेमा आयोजित भारत इन्टरनेशनल ट्राभल मार्ट ( आईआईटीएम)मा नेपाललाई वर्षको उत्कृष्ट साहसिक पर्यटन गन्तव्यका रूपमा सम्मान गरिएको छ । यही नोभेम्बर २७ देखि २९ सम्म आयोजित आईआईटीएममा अवाड्र्स नाइट, ०२५ मा नेपाललाई यो प्रतिष्ठित अवार्ड प्रदान गरिएको जनाइएको छ ।

उक्त अवार्ड नेपाल पर्यटन बोर्डका तर्फबाट बोर्ड सदस्य नरेन्द्र भट्ट र वरिष्ठ अधिकृत नारायण बस्यालले ग्रहण गर्नुभयो । अवार्ड समारोहमा आयोजित 'डेस्टिनेसन प्रिजेन्टेशन' सत्रमा बोर्डका वरिष्ठ अधिकृत रोबिन रेग्मीले नेपालको विविध पर्यटन आकर्षणहरू, बुद्ध सर्किट, रामायण सर्किट, तथा अन्तरदेशीय इको–ट्रेलहरूजस्ता पर्यटन उत्पादन समेटिएको श्रव्यदृश्य प्रस्तुति दिनुभएको थियो ।

जसमा नेपालमा युनेस्कोे विश्व सम्पदा सूचीमा परेका क्षेत्रहरू, आध्यात्मिक तीर्थाटन मार्गहरू, विश्वस्तरीय पदयात्रा तथा हिमाल आरोहण अवसरहरू र रोमाञ्चक साहसिक खेलहरू प्रमुख आकर्षण रहेकोबारे जानकारी गराइएको हो ।

आइआइटीएम पुणे, २०२५ मा नेपाल पर्यटन बोर्डको सक्रिय सहभागिताले भारतीय पर्यटन बजारसँगको सम्बन्ध अझ प्रगाढ बनाउने तथा नेपाललाई 'अल सिजन डेस्टिनेसन' र 'लाइफटाइम एक्सपेरियन्स' प्रदान गर्ने देशका रूपमा प्रवर्द्धन गरिएको बोर्डको नेतृत्व गर्दै कार्यक्रममा सहभागी वरिष्ठ अधिकृत रेग्मीले बताउनुभयो ।

आइआइटीएममा नेपाल पर्यटन बोर्डले १५ वटा प्रमुख ट्राभल व्यापार कम्पनीहरूसँगको सहकार्यमा भारतका यात्रा व्यवसायी तथा प्रमोटरका माझ नेपालका विशिष्ट पर्यटन प्याकेज तथा आकर्षणहरू प्रभावकारी रूपमा प्रस्तुत गरेका थिए ।

तीनदिने ट्राभल मार्टमा विश्वका विभिन्न मुलुकका विभिन्न ट्राभल व्यापार प्रतिनिधि तथा पर्यटन व्यवसायी र पर्यटकहरूको सक्रिय सहभागिता छ । बोर्डले आइआइटीएममा रहेको नेपाल पभेलियनमा नेपालका समृद्ध सांस्कृतिक सम्पदा, साहसिक गन्तव्य र अतिथिसत्कार प्रस्तुत गर्ने सशक्त मञ्च भएको उल्लेख गरेको छ ।

नेपाल पर्यटन बोर्ड तथा साझेदारहरूको सफल सहभागिताले नेपालप्रति भारतीय बजारमा उल्लेखनीय चासो र माग बढाउने बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीले बताउनुभयो । यस किसिमका अन्तर्राष्ट्रिय मञ्चहरूमा भएको बोर्डको सक्रिय सहभागिताले नेपाललाई भारतीय पर्यटकहरूको प्राथमिक गन्तव्यका रूपमा थप सशक्त बनाउने सीईओ जोशीको विश्वास छ । *(रासस)*

# किसानको लागत उठ्ने गरी अण्डाको नयाँ मूल्य लागु

नारायणगढ (चितवन), १३ मङ्सिर । चिसो बढ्दै जाँदा अण्डाको खपत त बढेको छ नै, त्यसमाथि भारतीय सीमा क्षेत्रमा कडाइ भएपछि अवैध अण्डा रोकिएको कारण नेपाली अण्डाले राम्रो मूल्य पाउन थालेको छ । शनिबारदेखि लागु हुनेगरी नेपाली अण्डाले किसानको लागत उठ्नेगरी नयाँ मूल्य पाएको सङ्घले जनाएको छ ।

शुक्रबार बसेको नेपाल लेयर्स कुखुरापालक सङ्घको बैठकले नेपाली अण्डा उत्पादन तथा बजारीकरणबारे छलफल गर्दै शनिबारदेखि लागु हुनेगरी न्यूनतम समर्थन मूल्य निर्धारण गरेको सङ्घका अध्यक्ष विनोद पोखरेलले जानकारी दिनुभयो । किसानको फार्म लागतलाई आधार मानेर जारी गरिएको मूल्यसूचीअनुसार यसको मूल्यमा उल्लेखनीय वृद्धि भएको छ । नयाँ दरअनुसार अति ठुलो (एक्स एल) अण्डा प्रतिक्रेट (३० वटा) रु. ५६०, ठुलो अण्डा रु. ५४५, मिडियम अण्डा रु. ५३० र सानो अण्डा प्रतिपेटी रु. ३२५० रहेको छ ।

अध्यक्ष पोखरेलका अनुसार अघिल्लो मूल्यभन्दा प्रतिक्रेट रु. ४० ले वृद्धि भएको हो । भारतमा निर्वाचनका कारण सिमानामा कडाइ बढ्दा त्यहाँको अण्डा महँगो भएको र अवैध रूपमा नेपाल आउने मार्ग बन्द भएपछि नेपाली अण्डाले उचित मूल्य पाएको बताउनुभयो । उहाँका अनुसार जाडो महिनामा अण्डाको खपत स्वभाविक रूपमा बढ्ने गर्छ । पोखरेलले भन्नुभयो, "चिसोमा अण्डा खानुपर्छ भन्ने जनचेतना बढेकाले माग पनि बढेको छ ।" गत साउनमा पनि रु. ५६० नै मूल्य पुगेको अण्डा त्यसपछि क्रमश: घट्दै गएको थियो । हाल फेरि क्रमश: वृद्धि हुँदै किसानले लागत उठाउन सक्ने अवस्थामा पुगेको सङ्घले जनाएको छ । *(रासस)*

। सम्पादकीय ।

# अबको संसद् बदनामीहरूको संसद् नबनोस्

संसद् योग्य, इमानदार, देश र जनताको सेवा गर्ने थलो हुनुपर्छ । जनमतको आवाज उठाउने, जनमतको समस्या बुझ्ने र समस्या हल गर्ने थलो हुनुपर्छ । संसद्मा विभिन्न दलका सांसदहरूको प्रतिनिधि हुने हुँदा त्यो एक वैचारिक बहस हुने थलो हुन्छ । संसद् जनताको आवाज खन्याउने र जनताको पीडा सुन्ने थलो मात्र होइन; जनताको पीडा बुझी हल गर्ने थलो पनि हुनुपर्छ । तर, संसद् जनताको समस्या सुन्ने थलो मात्र बन्यो । यसले संसद्को गरिमा घट्यो । संसद्प्रति जनताको विश्वास घट्यो । संसद् सरकार या सत्तारुढ दलको कुरा मात्र सुन्ने थलो बन्यो । संसद्मा सत्तारुढ दलको मात्र कुरा सुन्ने भए या अरु दलका सांसदहरूको कुनै कुरा नसुन्ने हो भने संसद्को के अर्थ रह्यो ? सांसदहरू संसद्मा किन जानुपऱ्यो ? संसद सुनाउने थलो मात्र हो भने जनताका समस्या कसरी समाधान हुन्छ ?

संसद् विधायिकाको भवन मात्र होइन; जनताको समस्या बुझेर हल गर्ने थलो पनि हुनुपर्छ । संसद् समस्या पोख्ने र सुन्ने मात्रै थलो भएकोले जनताको समस्या ज्यूँका त्यूँ रह्यो । सरकार या सत्तारुढ दलप्रति जनताको अविश्वास बढ्यो । सरकारको जस्तो कमजोरी भए पनि कमजोरी देखाए पनि सुधार नगर्ने, जनताको समस्या हल गर्न अघि नबढ्ने सरकारको ढिपीले गर्दा कुनै पनि दलले पूरा कार्यकालको सरकार चलाउन सकेन । देशको राजनीति अस्थिर भइरह्यो । सरकारको हेरफेरसँगै योजना हेरफेर भएपछि, कार्यनीति र कार्यशैली फरक भएपछि विकासमा बाधा पर्नु र पछि पर्नु स्वाभाविक हो ।

संसद् चल्न नदिने, संसद्मा सत्तारुढ दलको बाहेक अरु दलका सांसदहरूको आवाज या मागप्रति कुनै चासै नराख्ने भएपछि संसद्को गरिमा कसरी कायम रहन्छ ? सरकारले ल्याएको सबै योजना, आँखा चिम्लेर पास गर्नुपर्ने बाध्यताले सही राजनीति कसरी अघि बढ्छ ? सरकारको काम त जनताको समस्या समाधान गर्ने हो । देशमा सुशासनको अनुभूति दिने संरचना हो संसद् । गणतान्त्रिक देशमा संसद् निरङ्कुश हुँदैन । बहुमतको नाउँमा संसद्लाई सत्तारुढ दलको कार्यशाला बनाउने काम या व्यवस्था प्रजातान्त्रिक हुँदैन । विभिन्न दलका सांसदहरूले देश र जनताको कुरा संसद्मा राखेपछि वास्तविकता बुझ्नुपर्छ; समस्या बुझ्नुपर्छ र समस्या निकास खोज्नुपर्छ ।

संसद् देश र जनताको पक्षमा नीति नियम बनाउने थलो हो । देश र जनताको पक्षमा नीति नियम बनाउने थलोलाई माना पचाउने काम गर्नु मनासिब होइन । हाजिर गरेर आफ्नो व्यक्तिगत या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा गएर दोहोरो आम्दानी गरेर पदको दुरूपयोग गर्नु हुँदैनथ्यो । देश र जनताको निम्ति ऐन कानुन बनाउन निर्वाचित सांसदहरू कोही ठेकेदार भए; कोही देशकै धनाढ्य परे त कोही भ्रष्टाचारीहरू परे । निर्वाचनमा करोडौं खर्चेर जितेका सांसदहरूको ध्यान जनताको पक्षमा ऐन कानुन बनाउन होइन जसरी भए पनि कमाउनेतर्फ लाग्नुमा के आश्चर्य ? निर्वाचित सांसदहरूमध्ये कोही भ्रष्टाचार काण्डमा फसे, कोही यौन काण्डमा त कोही सुन काण्डमा परे । कोही नक्कली भुटानी शरणार्थी प्रकरणमा त कोही प्रेसको सामानमा फसे । कोही पर्ती जग्गा हडप्नेमा त कोही कमिसनको चक्करमा त कोही हत्या हिंसाको फन्दामा परे ।

सांसदहरूको यस्तो चर्तिकलाले दल र राजनीति धमिलो हुनुमा के अनौठो ? ठुला दलका नेताहरू नै काण्डै काण्डमा परेपछि देशमा दुर्गति हुने नै भयो । सांसदहरू इमानदार, नि:स्वार्थी र जिम्मेवार नभएका कारण देश भ्रष्टाचारले गन्हायो । कमिसनखोर, कालाबजारिया, ठेकेदार, जालीफटाहाहरू शासकहरूको संरक्षणकर्ता भए या शासकहरूको वरिपरि घुमिरहे । पद र पैसाको निम्ति उम्मेदवारी दिएर जितेका सांसदहरूले कमाउने धन्दाबाहेक अरु के गर्लान् भन्ने विश्वास गर्ने ? सांसदहरूको मनपरी कार्यको कारण दलको बदनाम भयो, सरकारको बदनाम भयो । संसारसामु नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा पऱ्यो; अस्थिर राजनीति या अस्थिर सरकारको सूचीमा पऱ्यो; सरकारको नेतृत्व छिनछिनमा फेर्ने देशमध्ये सम्भवत: नेपाल अग्रस्थानमा पर्छ । यसले संसद्को मात्र होइन सांसद, सरकार र सत्तारुढ दलको गरिमामा पनि आँच पुग्यो । के यो नेपाल र नेपालीको निम्ति दुर्भाग्यको विषय होइन ?

अबको संसद् बदनामीहरूको संसद् नबनोस् । अबको संसद सिङ्गो नेपाल र नेपाली जनताको हित हेर्ने सांसदहरूको थलो बनोस् । सांसदहरू देश र जनताप्रति जिम्मेवार भएमा, देश र जनताको हितमा ऐन कानुन बनेमा संसद् र सरकारप्रति जनताको विश्वास बढ्नु स्वाभाविक हो । सांसदहरूले राजनीतिलाई पेसाको रूपमा लिनु हुँदैन । सांसद पदलाई कमाउने आधार बनाउनु हुँदैन । सरकारले गलत निर्णय गरे पनि, गलत नीति बनाए पनि सत्तारुढ सांसदहरू आँखा चिम्ली समर्थन  गर्छन् । सत्तारुढ सांसदहरू सही गलत नै सोच्दैनन् । सरकारले ल्याएको जस्तोसुकै नीति निर्णय पनि बहुमतले पारित गर्नु नै सांसदहरूको धर्मजस्तो भइसकेको छ । जनताको गुनासो नसुनेकै कारण, बहुमत प्राप्त सरकारलाई कसैले केही गर्ननसक्ने हुङ्कारकै कारण देशमा जेन-जी जन्म्यो र जेन-जीकै कारण देशकै सबभन्दा शक्तिशाली सरकार नमज्जासँग ढल्यो ।

आफ्नो सरकारले जे जस्तो निर्णय गरे पनि सही ठान्ने प्रवृत्तिको कारण एमालेको नेतृत्व बनेको सरकार ढल्यो । सत्तारुढ राजनीतिक दलका नेता र सांसदहरू जनताप्रति उत्तरदायी भएनन् । देश र जनता जतासुकै जाओस् भन्न पछि नपर्ने सांसदहरू जनताप्रति किन जिम्मेवार बन्छन् ? देशको राजनीतिप्रति उत्तरदायी नहुने दलका नेता, मन्त्री र सांसदहरूको मन कसरी पवित्र हुन्छ, स्वच्छ हुन्छ ? यसकारण, देशमा इमानदारी र नि:स्वार्थीपूर्वक स्वच्छ राजनीति गर्नुपर्छ । स्वच्छ राजनीतिले नै देशको विकासलाई उचाइमा पुऱ्याउँछ र जनताको जीवन सुनिश्चित हुन्छ ।

# बुद्धिजीवी र नयाँ पुस्ता

✍ चिन्मय

*हामी डाक्टर होइनौँ, रोग हौ*
*- अलेक्सान्द्र हर्जेन*

नेपालमा विशुद्ध बुद्धिजीवी पाउन दिउँसै बत्ती बालेर खोज्नुपर्ने स्थिति छ । देश र जनताका समस्याहरू यथार्थपरक ढङ्गले केलाउने र समाधानको उचित बाटो देखाउने बुद्धिजीवीको कमी छ । खासमा भन्ने हो भने कमलप्रकाश मल्लले धेरै वर्षअघि लेखेको कुरा आज पनि सान्दर्भिक छ । 'रोड टु नोह्वेर' नामका पुस्तकमा मल्ल देशमा बुद्धिजीवीहरूको स्थिति दर्शाउन १९ औं शताब्दीका रुसी बुद्धिजीवी तथा पत्रकार अलेक्सान्द्र हर्जेनको भनाइ उद्धृत गरेका थिए । माथिको भनाइ सोही पुस्तकबाट लिइएको हो ।

नेपाल आमाका धेरै प्रतिभाशाली र योग्य छोराछोरी लोकसेवामार्फत राज्यको पेटमा पस्छन् । सिंहदरबारले तिनलाई चुम्बकले फलाम टिपेँझै टिप्छ । त्यसपछि ती छोराछोरीको आफ्नो राय भन्ने कुरा केही रहन्न । सरकारले दिने निर्देशनको पालन गर्दागर्दै तिनको कपाल फुल्छ । देशलाई नयाँ बाटो देखाउने गरी योगदान गर्ने फुर्सद र मौका नै पाउँदैनन् तिनले । यो कुरा तिनीहरू इमानमा बसुञ्जेल लागु हुन्छ । भ्रष्ट अधिकारी र कर्मचारीबाट त यी कुरा अपेक्षा गर्नै मिल्दैन । अझ भनुँ भने राज्यको अर्थ-राजनीतिक चरित्र नै दलाल पुँजीवादी हुनाले यहाँ अत्यन्त इमानदार नागरिकलाई समेत इमानमा बस्न ठुलै कुस्ती लड्नुपर्ने हुन्छ ।

बुद्धिजीवीहरू सिंहदरबारमा मात्र खपत हुँदैनन् । पत्रकारिता, वकालत, अध्यापनलगायत क्षेत्रमा धेरै बुद्धिजीवी छरिएका छन् । यीमध्ये धेरै बुद्धिजीवी विभिन्न राजनीतिक दलमा देखिने-नदेखिने गरी आबद्ध छन् । कतिपय बुद्धिजीवी शासक दलका भूमिगत कार्यकर्ताका रूपमा समेत सक्रिय छन् । यसबाहेक देशका धेरै बुद्धिजीवी विदेशी दातृ निकायको मानो पचाउने कारोबारमा लागेका छन् । त्यस्तै राजालाई मियो बनाएर सोच्ने परम्परागत बुद्धिजीवीको अर्को तप्का छ । इटालीका चिन्तक एन्टोनियो ग्राम्स्कीको नामकरण सापटी लिएर आफूलाई जन बुद्धिजीवी ( अर्ग्यानिक बुद्धिजीवी) भन्ने वाम बुद्धिजीवीहरू पनि राजनीतिक दलका विभिन्न गुट-उपगुटमा अलमलिएका, अल्झिएका र कताकता 'स्वान्त सुखाय' मा हराएका छन् । परिवार पाल्ने पिरलोबाट धेरै बुद्धिजीवी टाढा हुन सकेका छैनन् । त्यसैले देशलाई जरैबाट निकास दिन सक्ने सामर्थ्य नेपालका कमै बुद्धिजीवीमा देखिन्छ - यही सार हो कमलप्रकाश मल्लको । नेपालमा नोम चोम्स्की, एडवार्ड साइड जस्ता बुद्धिजीवी जन्माउने सपना देख्दादेख्दै मल्लले पृथ्वीबाट बिदा लिइसकेका छन् ।

नेपाली बुद्धिजीवीहरूको सीमित विवेक हालै भएको जेनजी आन्दोलनको क्रममा पनि मुखरित भयो । यहाँ केही नमुनाबारे चर्चा गर्छौं ।

**नागरिक समाजको 'चर्तिकला-शास्त्र'**

जेन-जी आन्दोलनमा ७० वर्ष नाघेकी सुशीला कार्की कम्मर कसेर आन्दोलनको मोर्चा कस्न आइन् । नेपालको नागरिक समाजकी अभिन्न अङ्ग हुन् उनी । आन्दोलनमा टुप्लुक्क देखापरेको हुनाले जेन-जीले नागरिक समाजकी 'अनुभवी र परिपक्व आमा' लाई चुनावी सरकारको बागडोर सम्हाल्न दिए । कुनै बेला न्यायको आसनमा बसेर संविधानको अक्षरश: पालन गर्ने शपथ खाएकी 'न्यायमूर्ति' ले संविधानसभाले आठ वर्ष लगाएर बनाएको संविधान र ऐनकानुनलाई एकै झपकमा मिचेर प्रधानमन्त्रीको शपथ खाइन् ।

देशको गृहमन्त्रीमा अर्का नागरिक समाजी न्यायकर्मी आसीन हुन पुगे । गृहमन्त्रीको शपथ खानुअघि ओमप्रकाश अर्यालले दिल्ली दरबारसामु बफादारीको शपथ खाएको कुरा धरानका मेयर हर्क साम्पाङको 'क्लासिक केस' बाट खुल्न आएको छ । त्यसो त बफादारीको यो शपथबाट 'न्यायमूर्ति' कार्की पनि अछुतो नरहेको बजारमा उनले नै हल्ला चलाइन् । प्रधानमन्त्री बन्नुअघि छिमेकी भारत, बनारस हिन्दू विश्वविद्यालय तथा त्यहाँका साथीसङ्गीसँग गाला जोड्ने गरी दिएको कार्कीको अन्तर्वार्ता 'भाइरल' भयो ।

विद्युत् प्राधिकरणबाट बाहिरिएर नागरिक समाजी बनेका कुलमान घिसिङले अहिले दुई मन्त्रालयको कमान सम्हाल्दै छन् । सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीका साथै भौतिक पूर्वाधार र यातायात मन्त्री पनि हुन् घिसिङ । हिजो एक थिए किराँत हर्क गुरुङ । जो भन्थे- विदेशी लगानीले संसारमा कुन देश विकसित भएको छ र ? आज यी किराँती छन् । जो विदेशी लगानीलाई 'रेड कार्पेट' ओछ्याएर स्वागत गर्न तम्सिदै छन् । डाँडाकाँडा अँध्यारो राख्दै देशको विद्युत् शक्ति विदेश लैजाने 'मिलेनियम च्यालेन्ज कर्पोरेसन' नाउँको देशघाती प्रपञ्च चल्दा चुँ नबोल्ने यी 'हाकिम' बाट हर्क गुरुङको विवेकको अपेक्षा गर्ने ठाउँ छैन ।

शिक्षामन्त्री बनेका अर्का नागरिक समाजी महावीर पुन: शिक्षा मन्त्रालयबाट केही उपती गर्न नसक्ने हाकाहाकी बोल्दै छन् । शिक्षा क्षेत्र उकास्न उनी देशको ढुकुटीमा पैसा बढाउनुपर्ने र त्यसका लागि 'निजी क्षेत्र (देशका दलाल पुँजीपति पढौं) लाई सजिलो पार्नुपर्यो' भन्दै छन् । उनले भने जस्तो देशमा पुँजीपतिहरूले धन कमाउने र राज्यलाई अकुत कर बुझाउने गरी कहिले होटल र उद्योगधन्दा खोल्ने हुन् र कहिले यो देशको शिक्षातन्त्र उँभो लाग्ने हो ? कतै उनले वीरबलको खिचडी पकाउन खोजेका त होइनन् भन्ने शङ्का बाक्लिन थालेको छ । आखिर, खक्कड मिस्त्रीलाई देशको वास्तुचित्र कोर्न दिएपछि यति रमिता त हुने नै भयो ।

**सौरभको 'कारबाही नगर-शास्त्र'**

जेन-जी आन्दोलनबाट अत्यन्त हर्षित र आशामुखी बनेका सौरभले सिंहदरबार जलेको टुलुटुलु हेर्ने नेपाली सेनाको स्तुति गाए । उनले काठमाडौं महानगरका मेयर बालेन साहलाई लगाइदिएको पगरी 'लुसिफर' ले बजारमा तहल्का नै पिट्यो । राजाबेगर नेपालको भविष्य नै नदेख्ने सौरभ बाबुबाजेको विरासतबाट लाभान्वित 'अराजनीतिक' बुद्धिजीवी हुन् ।


आन्दोलनलगत्तै सौरभले अमेरिकाका साम्राज्यवादी बुद्धिजीवी सामुयल हन्टिङटनको खजानाबाट निकालेर नयाँ सरकारलाई 'नौलो बुटी' दिए । "नयाँ शासकवर्गले पुराना शासकहरूको सम्पत्ति खोस्नु हुँदैन । खोसे नयाँ शासकहरूको शासन टिक्न सक्दैन ।" - यही आशय थियो सौरभको । राणातन्त्र समाप्त भयो तर राणाहरूको सम्पत्ति खोसिएन । २०४६ सालपछि पुराना पञ्चेहरू ससम्पत्ति काङ्ग्रेस-एमालेमा पसे । नयाँ शासकले पुरानालाई पार्टीमा ससम्मान स्वागत गरे । तिनीहरूमाथि कारबाही भएन । २०६२/६३ पछि पनि सोही परम्परा दोहोरियो ।

२००७ सालयता देशमा अनेकौं 'क्रान्ति' र 'जनआन्दोलन' भए । तर, सौरभजस्ता पुराना सामन्तहरूको धनसम्पत्तिमा परिवर्तनकारी सरकारहरूले कहिल्यै आँखा लगाएनन् । 'सुशीलाले पनि आँखा लगाउनुहुँदैन है' यही अर्ती हो सौरभको । कति दूरदर्शी अर्ती ?' आफूलाई फलिफाप हुने त्यसैले 'न्यायमूर्ति' ले पुराना शासक खलकप्रति राम्रै न्याय गरिन् । कुनै बेला आवेगमा आएर 'नायक' चलचित्रको अनिल कपुरले जस्तै 'नेताहरूले चाहे एक हप्तामै भ्रष्टाचार अन्त्य हुन्छ' भन्ने 'न्यायमूर्ति' देशको डाडुपन्यू हातमा हुँदा समेत चुपचाप छिन् । सौरभको बाटो हुँदै आएको हन्टिङटनको 'बुटि' ले काम गर्दै छ ।

# होइन, गाजामा युद्धविराम भएको छैन

✍ यारा हावारि

जब अक्टोबर १० मा गाजामा 'युद्धविराम' घोषणा भयो, धेरै प्यालेस्टिनीहरूले राहतको सास फेरे । उनीहरूले भर्खरै दुई वर्षसम्म निरन्तर बमबारी सहेका थिए, जसको तुलना १९४५ मा हिरोशिमामा खसालिएको आणविक बमको विस्फोटक शक्तिको लगभग छ गुणा बराबर थियो, जुन जापानी सहरको आधाभन्दा कम आकारको गाजामा केन्द्रित थियो ।



विनाश सर्वव्यापी थियो । सबै अस्पताल र विश्वविद्यालयहरूमा बम खसालिएको थियो, धेरैजसो घर र विद्यालयहरू ध्वस्त भएका थिए र महत्त्वपूर्ण पूर्वाधारहरू जस्तै ढल निकास प्रणाली र बिजुलीका लाइनहरू मर्मत गर्न नसकिने गरी क्षतिग्रस्त भएका थिए । अनुमानित ५ करोड टन भग्नावशेष पट्टीभरि छरिएको थियो । यसको मुनि बमबारीमा मारिएका कम्तीमा १०,००० प्यालेस्टिनीहरूको शव थियो जसलाई अझै पनि बरामद गरिएको छैन ।



तैपनि, गाजाका मानिसहरूले आशा गरेको राहत कहिल्यै साकार भएन । 'युद्धविराम' घोषणाको लगभग तुरुन्तै, इजरायली शासनले पट्टीमा फेरि बमबारी गर्न थाल्यो । त्यसबेलादेखि यो रोकिएको छैन ।

गाजाको सरकारी मिडिया कार्यालयका अनुसार, इजरायलले ४४ दिनमा लगभग ५०० पटक 'युद्धविराम' उल्लङ्घन गरेको र ३४२ नागरिक मारेको छ । सबैभन्दा घातक दिन अक्टोबर २९ थियो जब इजरायली कब्जाकारी बल (IOF) ले १०९ प्यालेस्टिनीहरूलाई मारे, जसमा ५२ बालबालिका थिए । बिहीबार, ३२ प्यालेस्टिनीहरू मारिएका थिए, गाजा सहरको जेइटून छिमेकमा बस्ने एउटा सम्पूर्ण परिवारसहित, जहाँ उनीहरू आश्रय लिइरहेको भवनमा बम खसालिएको थियो ।

तर, बमबारीमात्र रोकिएको छैन । भोकमरी पनि रोकिएको छैन ।

युद्धविराम सम्झौताअनुसार, हरेक दिन सहायताका ६०० ट्रक भित्र्याउन अनुमति दिइनुपर्ने थियो, जुन इजरायलले पूरा गरेको छैन । गाजाबाट अल जजीराका संवाददाता हिन्द अल-खुदारीले रिपोर्ट गरेझैं (IOF) आइओएफ्ले प्रतिदिन १५० ट्रकलाई मात्र पट्टीमा प्रवेश गर्न अनुमति दिइरहेको छ । तिनीहरूले पौष्टिक खानाको प्रवेशलाई पनि रोकिरहेका छन्, जसमा मासु, दुग्धजन्य पदार्थ र तरकारीहरू, अति आवश्यक औषधि, पाल र आश्रयका लागि अन्य सामग्रीहरू समावेश छन् ।

प्यालेस्टिनी राहत एजेन्सीहरूको गठबन्धनले अनुमान गरेको छ कि अहिले आउने सहायताले जनसङ्ख्याको आधारभूत आवश्यकताको एकचौथाइ पनि पूरा गर्दैन ।

प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय अनरा (UNRWA), जसले गाजामा सबैलाई महिनौंसम्म खुवाउन पर्याप्त खाद्यान्न रहेको बताउँछ, उसले अझै त्यसमध्ये कुनै पनि ल्याउन अनुमति पाएको छैन । यो अन्तर्राष्ट्रिय न्याय अदालत (ICJ) द्वारा अक्टोबरमा दिइएको सल्लाहकार रायको प्रत्यक्ष उल्लङ्घन हो जसमा इजरायली शासनको कर्तव्य हो कि अनरा (UNRWA) लगायत संयुक्त राष्ट्रसङ्घीय निकायहरूद्वारा सहायताको आपूर्तिमा बाधा पुऱ्याउनु हुँदैन ।

अदालतले एजेन्सीमा तटस्थताको कमी रहेको इजरायली आरोपलाई पनि अस्वीकार गऱ्यो र मानवीय परिदृश्यमा यो एक अपरिहार्य अभिनेता भएको दाबी गऱ्यो । तैपनि, इजरायली शासनले सल्लाहकार रायलाई अस्वीकार गरेको छ । यसका अन्तर्राष्ट्रिय कर्मचारीहरूलाई भिसा अस्वीकार गर्दै सहायता वितरण रोकेर अनरा (UNRWA) गतिविधिहरूलाई सीमित गरेको छ ।

बाँकी पृष्ठ ७ मा

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २६

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




मेरो प्रतिवेदनको काँटछाँट गरिएको संस्करणमा 'सेन्ट पिटर्सबर्ग समितिको कार्यकारी आयोगका सदस्य' को हस्ताक्षर थियो । हाम्रो सम्पादित प्रतिवेदन (विदेशमा प्रकाशित हुने) पार्टीको केन्द्रीय मुखपत्र 'सोत्सियल डेमोक्रात' को डिसेम्बर अंकमा प्रकाशित भयो । प्रकाशित अंशमा सेन्ट पिटर्सबर्गका सङ्गठनहरूको ढाँचा र सेन्ट पिटर्सबर्ग समितिका गतिविधिको चर्चा थियो :

"सेन्ट पिटर्सबर्ग जिल्लाका सम्पूर्ण गतिविधि अहिले सेन्ट पिटर्सबर्ग समितिको नियन्त्रणमा छ । यो समितिले गएको शरद ऋतुमा काम गर्न थालेको हो । समितिले सम्पूर्ण कलकारखानासँग सम्पर्क राख्छ र यसैकारण यहाँ हुने सम्पूर्ण घटनाक्रमबारे अवगत छ । जिल्लाको सङ्गठन यसप्रकार छ : पार्टी सदस्यहरूले कारखानाहरूभित्र विभिन्न ज्यासलहरूमा गएर पार्टीकाससाना समिति (केन्द्र) गठन गर्छन् । यी समितिका प्रतिनिधि मिलेर कारखाना समिति गठन गर्छन् । (साना कारखानाको हकमा प्रारम्भिक समिति नै कारखाना समिति हुन्छ ।) प्रत्येक कारखाना समिति अथवा ठुला कारखानाको हकमा ज्यासल समितिले एकजना चन्दा सङ्कलक खटाउँछ । ती सङ्कलकले प्रतिनिधि चन्दा जम्मा गर्दै जान्छन् । उनीहरूले पत्रपत्रिका, पुस्तक आदि पनि जम्मा गर्छन् । त्यस्तै, जुन संस्थाको लागि चन्दा सङ्कलन गरिएको हो ती संस्थामा गएर बुझ्नका लागि अर्का सङ्कलकलाई खटाइन्छ । यिनको काम बुझाउनुपर्ने स्थानमा सही रकम गए/नगएको हेर्ने हुन्छ । यसरी चन्दामा हिनामिना हुने सम्भावना नै रहँदैन ।

प्रत्येक जिल्ला समितिले गोप्य मतदानबाट तीन सदस्यीय कार्यकारी आयोग निर्वाचित गर्छ । जिल्ला समितिका सबैलाई कार्यकारी आयोगमा कोको छन् भन्ने थाहा नदिन विशेष होसियारी अपनाइन्छ ।

जिल्ला कार्यकारी आयोगहरूले सेन्ट पिटर्सबर्ग समितिमा प्रतिनिधि पठाउँछन् । यहाँ पनि जिल्ला समितिका सबैलाई यो आयोगबारे थाहा हुँदैन । सेन्ट पिटर्सबर्ग समितिले समेत एउटा तीन सदस्यीय कार्यकारी आयोग निर्वाचित गर्छ । कहिलेकाहीँ कुरा गोप्य राख्न प्रतिनिधिलाई जिल्ला आयोगले छनोट गर्नु सही हुँदैनथ्यो । यस्तो बेला यसको जिम्मा सेन्ट पिटर्सबर्ग समितिलाई दिइन्थ्यो ।

यस्तो प्रणालीका कारण गुप्त प्रहरीलाई सेन्ट पिटर्सबर्ग समितिमा कोको छ भन्ने पत्ता लगाउन गाह्रो पर्छ । यसरी सेन्ट पिटर्सबर्ग समितिलाई काम गर्न अलि सजिलो पर्छ । समितिले सङ्गठनका विभिन्न गतिविधिमा मार्गदर्शन गर्ने, राजनीतिक हडताल घोषणा गर्ने आदि गर्छ ।

सेन्ट पिटर्सबर्ग समितिलाई मजदुरहरूले धेरै सम्मान गर्छन् । हरेक गतिविधिमा उनीहरू यो समितिको मार्गदर्शन लिन खोज्छन् र यसले दिएको निर्देशन पालन गर्छन् । समितिले बेलाबेला जारी गर्ने पर्चामा विशेष ध्यान दिइन्छ ।

राजनीतिक हडतालको हकमा सेन्ट पिटर्सबर्गका ट्रेड युनियनहरूले आफूखुसी नगरी सेन्ट पिटर्सबर्ग (पार्टी) समितिको निर्देशनमा मात्र आह्वान गर्ने निर्णय गरेका छन् । जनवरी ९, अप्रिल ४ र मे १ का (राजनीतिक) हडताल समितिकै आह्वानमा भएका थिए । 'प्राभ्दा' पत्रिकामाथि भएको दमन देखेर मजदुरहरू अत्यन्त आक्रोशित भए । उनीहरूले हडताल गर्न चाहे । तर, समितिले पहिले राम्रो तयारी गर्नुपर्ने आवश्यकता देख्यो । त्यसैले समितिले जनतालाई बुझाउने गरी एउटा पर्चा जारी गर्‍यो । केही दिनभित्रै अर्को पत्रिका निस्कियो । त्यसमा मजदुरहरूले 'प्राभ्दा' कै नीति पाए । यसकारण, उनीहरू आश्वस्त भए । हडताल गर्ने कुनै अपिल गरिएको थिएन । तैपनि, करिब ३० हजार मजदुरले काम छोडे ।

पर्चाहरू निकै महत्त्वपूर्ण ठहरिए । (पार्टी) समिति प्रकाशन र वितरणको आफ्नो संयन्त्र खोटरहित बनाउनमा समर्पित भयो । समितिमा सबैजसो मजदुर छन् । हामी आफै पर्चा लेख्छौँ र त्यसलाई सच्याउनका लागि बुद्धिजीवी पाउनै मुस्किल हुन्छ ।

सेन्ट पिटर्सबर्गमा हुने राजनीतिक हडतालहरूले सङ्गठनलाई अप्ठ्यारोमा पारेका छैनन् बरु बलियो नै बनाएका छन् । राजनीतिक हडताल अभियानका दृष्टिले सेन्ट पिटर्सबर्गको सङ्गठन पुनर्जीवित, सबल भएको छ र थप फस्टाउँदै छ भनी ठोकुवा गर्नु बढाइचढाइ नहोला । (मेन्शेभिक) विघटनकारीहरू 'हडताली ज्वरो' भन्दै छन् । यसबाट तिनीहरू मजदुरहरूका सङ्घसङ्गठन तथा जनजीवनबाट एकदम टाढा छन् भन्ने पुष्टि हुन्छ । मजदुरहरूको अवस्था कस्तो छ भन्ने बुझ्न उनीहरू पूर्णतः असमर्थ छन् । सेन्ट पिटर्सबर्गको मजदुर वर्गीय आन्दोलनको केन्द्रमा रहेर हामीले हर क्षेत्रमा मजदुर शक्ति बढिरहेको, मुखर भइरहेको र यसले अन्य सबथोकलाई बढाउँदै लगिरहेको महसुस गर्छौँ ।

क्राको सम्मेलनका निर्णय र प्रस्तावहरू सबै कलकारखानाका मजदुरले अध्ययन गरे । हाम्रो



चौथो राज्य ड्युमामा बोल्शेभिकहरू (बायाँबाट क्रमशः) : पेत्रोभ्स्की, मुरानोभ, बादायेभ, सामोइलोभ र शागोभ । ('६ बोल्शेभिक' मध्ये यो तस्बिरमा घुसपैठिया मालिनोभ्स्की छैनन् ।)

समग्र सङ्गठनका सम्पूर्ण गतिविधि सोही भावनाअनुरूप सञ्चालित भए । ती निर्णय र प्रस्ताव व्यवहारमा सही साबित भए । गतिविधिमा सक्रिय भएर मैले सदैव हाम्रो नीति सही भएको महसुस गरिरहेँ । (मेन्शेभिक) विघटनकारीहरूसँग बिरलै मात्र भेटियो । तिनीहरूको बारेमा बिरलै सुनियो । यो देखेर सुरुमा आश्चर्य पनि लाग्यो । तर, पछि धातु मजदुरहरूको एउटा बैठकमा मैले के पाएँ भने सेन्ट पिटर्सबर्गमा उनीहरूको उपस्थिति लगभग शून्य छ ।"

कामरेड एभी शटमानले सेन्ट पिटर्सबर्ग समितिका गतिविधिबारे पुरक रिपोर्ट दिनुभयो । त्यसमा केही घटनावली थपिएको थियो ।

स्थानीय प्रतिवेदनहरूलाई सूचनाको रूपमा लिइयो । त्यसका सम्बन्धमा कुनै निर्णय लिइएन । तर, तिनले पार्टीको अवस्था झल्काउने काम गरे । यसले गर्दा सम्मेलनलाई आम समस्याहरूमा केन्द्रित हुन सघाउ पुग्यो ।

स्थानीय प्रतिवेदनहरूको सार निकालेपछि तुरुन्तै लेनिनले केन्द्रीय समितिको प्रतिवेदन पढ्नुभयो । क्रान्तिकारी आन्दोलनको विकास र पार्टी गतिविधिको सफलताले सन् १९१२ को जनवरीमा सम्पन्न प्राग सम्मेलनमा बोल्शेभिकहरूले लिएको नीतिलाई सही साबित गरेको बताउनुभयो । प्राग सम्मेलनमा नयाँ केन्द्रीय समिति गठन भएको थियो ।

संसदीय निर्वाचनको सिलसिला, पत्रिकाको सफल सुरुआत र उच्च स्तरको हडताल आन्दोलन सबै पार्टी गतिविधिका परिणाम थिए । यी सबै गतिविधि बोल्शेभिक केन्द्रीय समितिको निर्देशनमा भएका थिए । लेनिनले घोषणा गर्नुभयो, "हामी भन्न सक्छौँ, आफूले लिएको जिम्मेवारी हामीले पूरा गरेका छौँ । स्थानीय प्रतिवेदनहरूले मजदुरहरू आआफ्नो सङ्गठन निर्माण गर्न र त्यसलाई सबल पार्न सक्रिय र उत्सुक भइरहेको देखाउँछन् । मजदुरहरूले बुझून्, यो काम उनीहरूले बाहेक अरुले गर्न सक्दैन ।"

क्रुप्स्कायाले केन्द्रीय समितिका गतिविधिहरूको प्राविधिक पाटोबारे बताउनुभयो । उहाँले देशका महत्त्वपूर्ण सहरका स्थानीय समितिका प्रतिनिधिहरूसँग भएका पत्राचार, सम्पर्क तथा प्रत्यक्ष भेटघाटबारे प्रस्ट पार्नुभयो । जिनोभियभ हामी '६ बोल्शेभिकहरू' का क्रियाकलापको परिणामबारे बोल्नुभयो ।

प्रतिवेदनको चरणपछि सम्मेलनमा अन्य विषयमा छलफल सुरु भयो । झन्डै दुई हप्तासम्म सघन छलफल भयो र आगामी दिनका लागि पार्टीको कार्यदिशाको खाका तयार भयो । सम्मेलनले पुनः एकपल्ट मजदुरवर्गको सङ्घर्षले जोड दिनुपर्ने प्रमुख नारा दोहोर्‍यायो - 'लोकतान्त्रिक गणतन्त्र', 'जमिनदारहरूको भूमि अधिग्रहण' र 'आठघण्टे कार्यावधि' । प्रत्येक राजनीतिक हडतालमा यी नारा लगाउनैपर्ने तय भयो । राजनीतिक हडताल आयोजना गर्ने सम्बन्धमा सम्मेलनले सेन्ट पिटर्सबर्ग समिति र मस्कोका केही पार्टी समितिले अपनाएको मार्गलाई स्वागत गर्‍यो । सम्मेलनले तत्कालै देशव्यापी राजनीतिक हडतालको लागि प्रचारप्रसार र तयारी गर्नुपर्ने कार्यदिशा पारित गर्‍यो ।

हडतालसम्बन्धी प्रस्तावमा ६ बुँदा थिए । गोप्यताका कारण छैटौँ बुँदा प्रकाशन गरिएन । केही समय अघिसम्म पनि यो अज्ञात नै थियो । किनभने, यो सम्मेलनका दस्ताबेज अब हराइसकेका छन् । संयोगले हालै मात्र मैले प्रहरी अभिलेखालयमा यो प्रस्तावको पूर्ण विवरण फेला पारेँ । छैटौँ बुँदामा सेन्ट पिटर्सबर्ग र मस्कोलगायत देशका विभिन्न सहरमा एकैबाजि राजनीतिक हडतालहरू गर्नुपर्ने आवश्यकता औँल्याइएको थियो । प्रस्ताव भन्छ :

"यो सम्मेलन मातहतका सम्पूर्ण मजदुरहरूलाई पर्चा वितरण गर्दै, विभिन्न सहरका राजनीतिक तथा अन्य मजदुर सङ्घसङ्गठनबिच स्थायी र घनिष्ट सम्बन्ध कायम गर्दै प्रचारप्रसार तीव्र पार्न आह्वान गर्दछ । विशेषगरी मस्को र सेन्ट पिटर्सबर्गका मजदुरहरूले सुरुमा संयोजन गर्न जरुरी छ । यसरी सहकार्य गर्दा विभिन्न विषय (प्रेसमाथि कारबाही, बीमा समस्या आदि) लाई लिएर दुवै सहरमा एकैपल्ट राजनीतिक हडताल गर्न सम्भव हुनेछ ।"

प्रहरी विभागको अभिलेखालयमा पार्टी प्रेसका सम्बन्धमा पारित गरिएको प्रस्तावको एउटा प्रति पनि रहेछ । यो प्रस्तावका अघिल्ला पाँच बुँदा हालसम्म प्रकाशित गरिएको थिएन । त्यसैले यो प्रस्ताव हरायो भन्ठानिएको थियो । ती बुँदा यसप्रकार थिए :

"१. यो सम्मेलन सामाजिक जनवादी प्रचार तथा सङ्गठनका लागि एउटा वैध प्रेसको ठुलो महत्त्व रहेको स्वीकार गर्छ । तसर्थ, सम्पूर्ण पार्टी सङ्गठन तथा वर्गसचेत मजदुरहरूसँग पत्रिकाको वितरणलाई भरसक व्यापक पारी, सामूहिक रूपमा ग्राहक बनाउने भेलाहरू गरी र नियमित शुल्क बुझाइ प्रेसप्रति हार्दिक समर्थन दिनुहुन अनुरोध गर्दछ । पत्रिकाको ग्राहक शुल्क पार्टी सदस्यताको शुल्क हो भनी यो सम्मेलन पुनः जोड दिन्छ ।
२. मस्को सहरमा मजदुरहरूको कानुनी पत्रिकालाई सबल बनाउन तथा दक्षिणमा पनि एउटा पत्रिका तत्कालै स्थापित गर्न विशेष ध्यान दिनुपर्छ ।
३. (पार्टी सम्बद्ध) हाल विद्यमान कानुनी पत्रिकाहरूबिच घनिष्ट सहकार्य गराउनका निम्ति परस्पर सूचना आदानप्रदान, सम्मेलन आयोजना आदि उपाय अपनाउनुपर्ने यो सम्मेलनको ठहर छ ।
४. सैद्धान्तिक मार्क्सवादी मुखपत्रको आवश्यकता र महत्त्वलाई ध्यानमा राख्दै यो सम्मेलन पार्टी तथा ट्रेड युनियनले चलाइरहेका पत्रपत्रिकाले 'प्रोस्वेस्तचेन्ये' (चेतना) जर्नल पढ्न, त्यसको नियमित ग्राहक बन्न र व्यवस्थित रूपमा त्यसलाई सहयोग गर्न मजदुरहरूको ध्यान आकृष्ट गर्नुपर्ने ठहर गर्दछ ।
५. (पार्टी नीतिको) प्रचारप्रसार गर्न जनबोलीमा लेखिएका पर्चा-पम्प्लेटको व्यापक वितरण गर्नुपर्ने आवश्यकतातर्फ यो सम्मेलन पार्टीका प्रकाशन गृहहरूको ध्यान आकृष्ट गर्दछ ।
६. क्रान्तिकारी आन्दोलनमा आएको पछिल्लो उभारको सिलसिलाबद्ध विश्लेषण गर्नु अति महत्त्वपूर्ण छ । यसको पूर्ण विश्लेषण कानुनी पत्रिकाहरूमा गर्न सम्भव छैन । यसकारण, यो सम्मेलन हाम्रा गैरकानुनी प्रकाशनको कामलाई विस्तार गर्नुपर्ने आवश्यकतामाथि विशेष ध्यानाकृष्ट गर्दछ । साथै, गैरकानुनी पर्चा-पम्प्लेटसँगै पार्टीको एउटा केन्द्रीय गैरकानुनी पत्रिका छोटो अन्तरालमा नियमित रूपमा प्रकाशित गर्न सिफारिस गर्दछ ।"



लेनिन भूमिगत बस्नुभएको पोल्यान्डको पोरोनिनोमा लेनिनको सालिक




जापानको राजधानी टोक्योस्थित जापानी प्रधानमन्त्रीको सरकारी निवासबाहिर प्रधानमन्त्री सानाइ ताकाइचिको राजीनामा माग गर्दै विरोध प्रदर्शन गरिरहेका जापानी नागरिकहरू नोभेम्बर २८, २०२५ को साँझ । प्रधानमन्त्री ताकाइचिले केही दिन अगाडि ताइवानमाथि चीनको हस्तक्षेप जापानमाथिको हस्तक्षेप मानेर प्रतिकार गर्ने अभिव्यक्ति र उनले अगाडि सारिरहेको सैन्यवादी नीतिले जापान पुन: असुरक्षित हुने भन्दै राजधानी टोक्योलगायत देशभर ठूल्ठूला विरोध प्रदर्शन भइरहेका छन् ।

*तस्बिर : चिया हाओचेङ/सिन्हुवा*

# तेल मूल्य स्थिर राख्न 'ओपेक प्लस'को रणनीतिक कदम

भियना, १३ मङ्सिर (एएफपी) । 'ओपेक प्लस' का प्रमुख सदस्य राष्ट्रहरूले सन् २०२५ मा अपनाएको तेल उत्पादन नीति समग्रमा प्रभावकारी देखिएको छ । अप्रिलदेखि साउदी अरब, रूस, इराक, संयुक्त अरब इमिरेट्स, कुवेत, कजाकिस्तान, अल्जेरिया र ओमानले करिब २.९ लाख ब्यारेल प्रतिदिन उत्पादन बढाउँदै प्रतिस्पर्धी मुलुकहरूसँगको बजार हिस्सेदारी विस्तार गर्ने प्रयास गरेका थिए । उत्पादन वृद्धि भएपनि बजारमा आपूर्ति धेरै भएको कारण मूल्यमा केही दबाब परेको थियो । तर, विश्वव्यापी राजनीतिक घटनाक्रमले तेल मूल्यमा ठूलो गिरावट हुनबाट रोक्न मद्दत गरेको विश्लेषकहरूले बताएका छन् ।

ओपेक प्लस पेट्रोलियम निर्यातक देशहरूको सङ्गठनका सदस्य राष्ट्रहरू र केही गैर-सदस्य तेल उत्पादक देशहरूको समूह हो । यस समूहको मुख्य उद्देश्य विश्व तेल बजारमा स्थिरता ल्याउनु, तेलको आपूर्ति नियन्त्रण गर्नु र मूल्य अस्थिरतालाई न्यून गर्नु हो । समूहले तेल उत्पादन कोटा निर्धारण गरी आपूर्ति बढाउने वा घटाउने निर्णय गर्छ र बजारको मागअनुसार रणनीति बनाउँछ । यसरी, ओपेक प्लस विश्व तेल बजारमा मूल्य र आपूर्ति सन्तुलन कायम राख्ने राजनीतिक-आर्थिक गठबन्धनको रूपमा काम गर्छ ।

**अनपेक्षित घटनाले तेल माग बढायो**

वर्षको सुरुवातमा अनुमान गर्न नसकिने केही घटनाले तेलको माग बढायो । ती घटनामा १२ दिन चलेको इरान-इजरायल द्वन्द्व, अमेरिकाद्वारा रूसमाथि थपिएको ऊर्जा प्रतिबन्ध र चीनले ठूलो मात्रामा कच्चा तेल भण्डारण गर्नु प्रमुख छन् । यी घटनाले ओपेक प्लसले उत्पादन बढाउँदा मूल्यमा पर्ने नकारात्मक प्रभावलाई सन्तुलनमा राखिदियो । एचएसबीसीकी ऊर्जा विश्लेषक किम फुस्टिएरले भन्नुभयो,"यी सबै घटना अप्रत्याशित भए तापनि यिनैले ओपेक प्लसको रणनीति सफल बनाउन सहयोग गरे ।"

**ट्रम्प प्रशासनको प्रभाव**

सन् २०२५ मा अमेरिकामा डोनाल्ड ट्रम्प पुन: राष्ट्रपति बनेपछि ओपेक प्लसका निर्णयमा अमेरिकी प्रभाव स्पष्ट देखियो । ट्रम्पले साउदी अरबलाई तेल मूल्य घटाउन उत्पादन वृद्धि गर्न आग्रह गर्नुभएको थियो । साउदी अरबले अमेरिकासँगको कूटनीतिक सम्बन्ध मजबुत राख्न यसलाई सकारात्मक रूपमा लिएको विश्लेषकहरूले बताएका छन् । यसको बदलामा अमेरिका र साउदीबीच नागरिक आणविक उर्जासम्बन्धी सहकार्य र उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिमा पहुँचसम्बन्धी सम्झौता भएको छ ।

२०२६ को पहिलो त्रैमासमा उत्पादन स्थिर राख्ने निर्णय

डिसेम्बरमा अन्तिम पटक कोटा वृद्धि गरेपछि ओपेक प्लसले सन् २०२६ को पहिलो त्रैमासमा उत्पादन समायोजन नगर्ने निर्णय गरेको छ । उनीहरूको तर्कअनुसार सो अवधिमा माग सामान्यतया कमजोर हुने भएकाले उत्पादन स्थिर राख्नु उचित हुन्छ । साथै रूस-युक्रेन युद्धसँग सम्बन्धित वार्ताको अनिश्चितता पनि निर्णायक कारक बनेको छ । यदि तनाव कम भयो भने तेल मूल्यमा रहेको जोखिम घट्न सक्छ, तर तनाव बढेमा अमेरिकी प्रतिबन्धले रूसी तेल उद्योगमाथि थप दबाब पार्नेछ, जसको असर पुन: विश्व बजारमा पर्न सक्नेछ ।

# रूसको निरन्तर आक्रमणले किएभमा सङ्कट गहिरिँदै

किएभ, १३ मङ्सिर (एएफपी) । रूसले शनिबार बिहान युक्रेनको राजधानी किएभमा गरेको हवाई आक्रमणमा सात जना घाइते भएका छन् ।

मध्यरातपछि सहरभर ठूलो विस्फोटको आवाज सुनिएपछि हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको थियो । किएभको सैनिक प्रशासनका प्रमुख तिमुर तकाचेन्कोले भन्नुभयो,"विपक्षीका उड्ने यन्त्रहरू राजधानी वरपर देखिएका छन् र हवाई प्रतिरक्षा दलले तिनको विरुद्ध सक्रिय रूपमा प्रतिक्रिया जनाइरहेका छन् ।"

किएभका मेयर विताली क्लिच्कोले आक्रमणका क्रममा सबै नागरिकलाई सुरक्षित स्थानमै बस्न अनुरोध गर्नुभएको थिए । उहाँका अनुसार राजधानीमा सात जना घाइते भएका छन्, जसमा चार जनालाई उपचारका लागि अस्पताल लगिएको छ । घाइतेमध्ये १३ वर्षे एक बालक पनि रहेको उहाँले जानकारी दिनुभयो ।

आक्रमणका कारण सहरका केही आवासीय क्षेत्रमा रहेका घर र सवारीसाधनमा क्षति पुगेको स्थानीय अधिकारीहरूले बताएका छन् । यही साताभर रातको समयमा भएका यस्तै प्रहारका कारण किएभका विभिन्न बस्ती क्षेत्रमा आगलागी भएको थियो । ती घटनामा सात जनाको मृत्यु भएको पुष्टि गरिएको छ ।

# चीनमा भवन आगलागी रोकथामका लागि नयाँ पहल

बेइजिङ, १३ मङ्सिर (एएफपी) । चीनले भवनमा आगलागी जोखिम कम गर्न व्यापक अभियान सुरु गरेको छ ।

यो कदम हङकङमा भएको एक भयानक आगलागीमा कम्तीमा १२८ जनाको मृत्यु भएपछि उठाइएको हो, जुन दशकौंमा वित्तीय केन्द्रमा भएको सबैभन्दा ठूलो दुर्घटना मानिन्छ ।

राज्य सञ्चार माध्यम सीसीटीभीका अनुसार चीनको राज्य परिषद् सुरक्षा समितिले हालै भवनमा मुख्य आगलागी जोखिम पहिचान गरी सुधार गर्ने अभियान सुरु गरेको जानकारी दिएको छ ।

अभियानअन्तर्गत भवनहरूमा सजिलै जल्ने सामग्रीको प्रयोग जाँच गरिनेछ । सीसीटीभीले भनेको छ, "सबै क्षेत्रमा जिम्मेवारीको भावना बलियो बनाउनु पर्नेछ । विकास र सुरक्षा सँगसँगै समन्वय गर्नुपर्छ र भवनमा मुख्य आगलागी जोखिमको अनुसन्धान तथा सुधारलाई अत्यन्त महत्त्वपूर्ण कार्यका रूपमा लिनुपर्छ । निगरानी र निरीक्षणलाई तीव्र बनाउँदै सुनिश्चित परिणाम ल्याउनुपर्छ ।"

# बङ्गलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जिया अस्पतालमा, स्वास्थ्य चिन्ताजनक

ढाका, १३ मङ्सिर (एएफपी) । बङ्गलादेशकी पूर्व प्रधानमन्त्री खालिदा जियाको स्वास्थ्य अवस्था अस्पताल भर्ना भएयता लगातार बिग्रिएको छ । उहाँका परिवार र पार्टीका सदस्यहरूले नागरिकहरूलाई उहाँको शीघ्र स्वास्थ्य लाभको लागि प्रार्थना गर्न अनुरोध गरेका छन् ।

८० वर्षीया जिया फोक्सो सङ्क्रमणका लक्षण देखिएपछि अस्पताल भर्ना हुनुभयो । बङ्गलादेश राष्ट्रिय पार्टीका नेता मिर्जा फखुल आलमगिरले भन्नुभयो,"डाक्टरहरूले हामीलाई उहाँको स्वास्थ्य अवस्था अत्यन्तै गम्भीर रहेको जानकारी दिनुभएको छ ।" केही वरिष्ठ नेता र समर्थकहरूले अस्पताल पुगेर उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् । समाचार अनुसार, जियालाई मिर्गौलासम्बन्धी समस्या, मधुमेह, फोक्सो समस्या र आँखासम्बन्धी रोग छन् ।

उहाँकी जेठी छोरी तारिक रहमानले भन्नुभयो,"हामी सबैको प्रार्थना र मायाप्रति हार्दिक धन्यवाद व्यक्त गर्छौं ।"

खालिदा जिया तीनपटक प्रधानमन्त्री रहिसकेकी छन् । सन् २०१८ मा भ्रष्टाचारको मुद्दामा जेल चलान गरिएकी जियालाई विदेशमा उपचार गर्न पनि अनुमति थिएन । उहाँ गत वर्ष रिहा भएकी थिइन् ।

## विश्व सङ्क्षेप

# श्रीलङ्कामा भीषण बाढी-पहिरो १२३ जनाको मृत्यु, १३० जना बेपत्ता

कोलम्बो, १३ मङ्सिर (एएफपी) । श्रीलङ्कामा देशभर परेको भारी वर्षा र बाढीका कारण हालसम्म १२३ जनाको ज्यान गएको छ भने १३० जना अझै



बेपत्ता रहेका छन् । महानिर्देशक सम्पत कोटुवेगोदा अनुसार राहत कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ र ४३ हजार ९९५ जनालाई घर क्षतिग्रस्त भएकाले राज्य सञ्चालित राहत केन्द्रमा सारिएको छ ।

भारी वर्षा सोमबारदेखि सुरु भएको थियो र बुधबार मुख्य क्षेत्रमा अझ तीव्र वर्षा भएपछि देशभर बाढीको अवस्था झन् गम्भीर बनेको छ ।

शुक्रबार साँझ केलानी नदीको तटवन्ध भाँचिँदा धेरै मानिसहरू अस्थायी शिविरमा सारिनु परेको थियो ।

देशका अधिकांश भागमा वर्षा कम भए पनि उत्तरतर्फका केही क्षेत्रमा अझै पानी परिरहेको छ ।

भारतले पीडितहरूको लागि आवश्यक राहत सामग्री पठाइसकेको छ र आवश्यक परे थप सहयोगका लागि तयार रहेको अधिकारीहरूले जानकारी दिएका छन् । सरकारले उद्धार र राहत कार्यलाई अझ सुदृढ बनाउन सैनिक बल परिचालन गरेको छ, जहाँ हेलिकोप्टर र डुङ्गा प्रयोग गरी फसेका बासिन्दाहरू उद्धार गरिएको छ । केन्द्रका अधिकारीहरूले बताएअनुसार बाढीको स्तर सन् २०१६ भन्दा बढी हुने अनुमान गरिएको छ, जब ७१ जनाको मृत्यु भएको थियो ।

सन् २००० पछि श्रीलङ्कामा आएको सबैभन्दा ठूलो बाढी सन् २००३ को जूनमा भएको थियो, जब २५४ जनाको मृत्यु भएको थियो ।

# स्पेसएक्सका 'राइडशेयर' मिसन सफलतापूर्वक प्रक्षेपण

लस एन्जल्स, १३ मङ्सिर (सिन्हुवा) । अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सले शुक्रबार आफ्नो नयाँ 'राइडशेयर' मिसन सफलतापूर्वक अन्तरिक्षतर्फ पठाएको छ । 'राइडशेयर' मिसन भनेको एउटा रकेटमार्फत एकैपटक धेरै साना उपग्रह वा उपकरणहरूलाई अन्तरिक्षमा पठाउने कार्यक्रम हो । यस किसिमको मिसनमा विभिन्न कम्पनी, संस्था र अनुसन्धान समूहका साना उपग्रहहरू (जस्तै क्युबस्याट, माइक्रोस्याट वा अन्य वैज्ञानिक उपकरणहरू) एउटै रकेटमा राखिन्छन् । यसले एउटै प्रक्षेपणमा धेरै उपकरणहरू अन्तरिक्षमा पुऱ्याउन सकिने सुविधा दिन्छ र ठूलो खर्च पनि बचत हुन्छ । यसरी, साना र लागत प्रभावकारी मिशनहरू सफलतापूर्वक सञ्चालन गर्न सजिलो हुन्छ ।

'ट्रान्सपोर्टर-१५' नाम दिइएको यो मिशन क्यालिफोर्नियाको भ्यान्डेनबर्ग स्पेस फोर्स बेसबाट स्थानीय समय अनुसार बिहान १०:४४ बजे फाल्कन ९ रकेटमार्फत प्रक्षेपण गरिएको स्पेसएक्सले जनाएको छ ।

स्पेसएक्सका अनुसार मिशनमा कुल १४० पे-लोड (उपग्रह तथा अन्य उपकरण) रहेका थिए, जसमा क्यूबस्याट, माइक्रोस्याट, होस्टेड पे-लोड तथा कक्षान्तरण गर्ने साना यानहरू पनि समावेश थिए । ती मध्ये १३ पे-लोड भने पछि छुट्टै कक्षमा पठाइने छन् । स्पेसएक्सले सामाजिक सञ्जाल 'एक्स' मा भने अनुसार, यसको राइडशेयर कार्यक्रममार्फत यसअघि सम्पन्न र अहिले चलाएका मिशनहरू मिलाएर एक हजार ४०० भन्दा बढी पे-लोड सफलतापूर्वक कक्षामा पुऱ्याइसकिएका छन् ।

# पाकिस्तानको उत्तरपश्चिममा जीप दुर्घटनामा पाँच जनाको मृत्यु, पाँच घाइते

इस्लामाबाद, १३ मङ्सिर (सिन्हुवा) । पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तमा जीप दुर्घटनामा परेको छ, जसमा कम्तीमा पाँच जनाको मृत्यु भएको र पाँच जना घाइते भएका छन् । घटना एबटाबाद जिल्लाको हेभेलियन क्षेत्रमा भएको हो । उद्धार टोलीका अनुसार, ११ जना यात्रु बोकेको गाडी खाल्डोमा खसेको थियो । गाडीमा केही विद्यालयका विद्यार्थीहरू समेत रहेका थिए ।

उद्धार टोलीका अनुसार, स्थलमै तीन जनाको मृत्यु भएको थियो भने सात जनालाई अस्पतालमा पुऱ्याइएको थियो, जसमा दुई जनाको उपचारकै क्रममा मृत्यु भएको थियो । घाइतेमध्ये दुई जनालाई गम्भीर अवस्थामा रहेकाले आयुब स्वास्थ्य केन्द्रमा सारिएको छ । पाकिस्तानमा खराब सडक अवस्था र यातायात नियमको अवहेलनाका कारण सडक दुर्घटना हुने जोखिम बढी रहेको बताइएको छ ।

# प्रकृति संरक्षण र विपद् व्यवस्थापनमा सेना

✍ सङ्गीता राई

कोसीटप्पु वन्यजन्तु आरक्षमा वन्यजन्तु तथा जैविक विविधता संरक्षण र विपद् व्यवस्थापनमा नेपाली सेनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

आरक्ष र वरपरका क्षेत्रमा अप्ठ्यारो अवस्थामा सेना 'सबैभन्दा पहिले र अन्तिम भरोसा' का रूपमा खटिइरहेको छ, जसले स्थानीय समुदाय, पर्यटक र वन्यजन्तुका लागि सुरक्षित वातावरण सुनिश्चित गरिरहेको छ ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले प्रकृति संरक्षण र जैविक विविधता कामय गर्ने सन्दर्भमा सेना अहोरात्र खटिइएर महत्त्वपूर्ण योगदान गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कोसी टप्पुमा सेनाको मुख्य जिम्मेवारी वन्यजन्तु संरक्षण गर्नु र अवैध चोरी, सिकारी नियन्त्रण गर्नु हो । यसका लागि आरक्षभित्र नियमित गस्ती, चोरी सिकारी गर्नेविरुद्ध कारबाही र संरक्षणसम्बन्धी कार्यक्रममा स्थानीय समुदायसँग सहकार्य गरिरहेको छ ।"

सहायक रथी बस्नेतले संरक्षित क्षेत्रभित्र हुने चोरी शिकारी, अवैध घुसपैठ र अन्य गैरकानुनी गतिविधि रोक्न निरन्तर निगरानी भइरहेको बताउनुभयो । यसबाट दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका र स्थानीय समुदाय तथा पर्यटकका लागि विश्वासिलो वातावरण निर्माण भएको उहाँको भनाइ छ । सेनाले वन्यजन्तु संरक्षण, अवैध चोरी सिकारी नियन्त्रण, प्राकृतिक स्रोतको संरक्षण र विपद्मा उद्धार गर्दै स्थानीय समुदायका लागि भरपर्दो र विश्वासिलो साझेदारी गर्दै आएको छ । नियमित गस्ती, निगरानी र अपरेशनल गतिविधिका कारण आरक्षभित्रका दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका छन् ।

विसं १८६९ मा सुरेन्द्रवीर विक्रम शाहको शासनकालबाट नेपालमा प्रकृति संरक्षणको थालनी भएको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको शिलालेखमा भेटिन्छ । नेपालको संरक्षण प्रयास विश्वकै सबैभन्दा प्राचीन मानिन्छ । कूल सैनिक सङ्ख्याको झन्डै १० प्रतिशत जनशक्ति प्रकृति संरक्षणमा परिचालित छन् । यो विश्वकै लागि उदाहरण हो ।

विसं २०३२ मा स्थापना भएको कोसीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको थियो । २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्ग किलोमिटर कायम भएको छ । सुनसरी-सप्तरी जिल्लाभित्र सप्तकोसी नदीले बनाएको टापुमा अवस्थित यो आरक्ष जङ्गली भैँसी (अर्ना) का कारण चर्चित छ । कोसीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्र हो ।

आरक्षभित्र सप्तकोसीको बालुवाबाट बनेका टापु, सिसौँ र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अतिदुर्लभ खरमयुरका बासस्थान छन् । सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ । जलचर प्रजाति घडीयाल, मगरगोही, सोंस (डल्फिन) र माछा पनि यहाँ पाइन्छ । कोसीटप्पुलाई 'चराहरूको राजधानी' समेत भनिन्छ । पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रूपमा रहेको सो आरक्षलाई पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा लिइन्छ । चितुवाबाहेक अन्य ठुलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यलयले जनाएको छ ।

हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पक्षी र विविध वन पैदावारका कारण नेपाल प्रकृति प्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख



आकर्षणको केन्द्र बन्दै आएको छ । यस्ता प्राकृतिक स्रोत र जैविक विविधतालाई दीर्घकालसम्म संरक्षण गर्नु चुनौतीपूर्ण भए पनि सेनाले पाँच दशकदेखि अनवरतरूपमा सुरक्षाका लागि पहरा दिँदै आइरहेको प्रवक्ता बस्नेतले बताउनुभयो । सेनाले ३३ जिल्लामा अवस्थित १४ राष्ट्रिय निकुञ्जसहित आरक्ष र संरक्षण क्षेत्र सुरक्षा गर्दै आइरहेको छ ।

सेनाले वन्यजन्तु संरक्षण, अवैध गतिविधि नियन्त्रण, स्थानीय समुदायसँग सहकार्य, जैविक विविधता संरक्षणबारे जनचेतना विस्तार र पर्यावरणीय स्रोतको दीर्घकालीन उपयोग सुनिश्चित गर्दै आएको छ । विपद्को समयमा सेनाले उद्धार, राहत वितरण र पुन:स्थापनामा स्थानीय समुदायको भरोसा जितेको छ । कोसीटप्पु क्षेत्र सुरक्षार्थ खटिइएको श्री भीमकाली गुल्मले दैनिक गस्ती, चेकपोइन्ट, 'स्वीप अपरेसन', 'एम्बुस' तथा अन्य निगरानी गर्दै आएको छ । जङ्गली जनावरबाट हुने जोखिम, संरक्षणका उपाय तथा जैविक विविधताको महत्त्वबारे स्थानीय बासिन्दालाई सचेत पार्ने कार्य पनि नियमित रूपमा भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

स्थानीय समुदायसँगको सहकार्यमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जङ्गली जनावरलाई 'कोर इलाका' तर्फ फर्काउने, घाइते जनावरको प्राथमिक उपचार र स्वास्थ्यचौकीसम्म पुऱ्याउने तथा क्षतिपूर्ति दिलाउने काममा सेना सक्रिय छ । स्थानीय समुदायलाई संरक्षणसम्बन्धी तालिम, जनचेतना कार्यक्रम, जङ्गली जनावरसँग कसरी व्यवहार गर्ने, जोखिम हुँदा कसरी बच्ने भन्ने प्रशिक्षणसमेत सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमले समुदाय-संरक्षित क्षेत्र सहकार्यलाई अझ मजबुत बनाएको सेनाको भनाइ छ ।

आरक्ष क्षेत्र खुला र मानव बस्ती नजिक हुँदा चोरी निकासी बढ्न सक्ने सम्भावनाप्रति सचेत रहँदै सेनाले सो गतिविधि रोक्न असरदार कारबाही गर्दै आएको छ । त्यसका लागि सेनाले घरेलु प्रविधिसमेत विकास गरेको छ । यसमा स्मार्ट पेट्रोल, ट्र्याकिङ डिभाइज, ड्रोन, सिसिटिभी, भ्वाइस रेकर्डजस्ता आधुनिक निगरानी उपकरण, डेटा व्यवस्थापन प्रणाली र अन्य प्रविधि समावेश छन् ।

संरक्षित क्षेत्रको सुरक्षामात्र नभई सेना विपद् व्यवस्थापनमा समेत सक्रिय छ । बाढी, पहिरो, डुबान र अन्य प्राकृतिक विपद्मा समयमै उद्धार, राहत र पुन:स्थापनामा सेनाले खेलेको भूमिका स्थानीयबिचमा अविस्मरणीय छ । विसं २०३८ देखि कोसीटप्पुको संरक्षणमा सेना खटिइएको हो । सेना उपस्थितिपछि आरक्षभित्र पाइने दुर्लभ अर्नाको सङ्ख्या वृद्धि भएको आरक्ष कार्यालयले जनाएको छ ।

सन् १९७६ को गणनाअनुसार कोसीटप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोसीटप्पुमा चार सय ९८ वटा अर्ना रहेका छन् । आरक्ष प्रमुख भूपेन्द्रप्रसाद यादवका अनुसार, कोसीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन् । विसं २०८० को गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणनाअनुसार डल्फिन १९ वटा रहेको प्रमुख यादवले जानकारी दिनुभयो ।

कोसीटप्पुमा धेरै जसो चराहरू साइबेरियाबाट आउने गरेका छन्, धेरैजसो चराहरू जाडो छल्न आउने गरेको यादवले बताउनुभयो । जङ्गली हात्ती, एकसिङ्गे गैँडा, ढाड नहुने प्राणी ५७ प्रजाति, जडिबुटी १८ प्रजाति, डाले घाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भूँडिफोर, सेतो भूँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन् । रात्री गस्ती, आकस्मिक तैनाथी, सूचना सङ्लन र विश्लेषणका कारण चोरी, विकारी तथा पैठारीका गतिविधिमा विगतका वर्षको तुलनामा उल्लेख्य कमी आएको सेनाले जनाएको छ ।

नेपाली सेना र कोसीटप्पु वन्यजन्तु आरक्षको संयुक्त टोलीले आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ सम्मको अवधि विभिन्न अवैध क्रियाकलापमा संलग्न व्यक्तिबाट अवैध वन्यजन्तु तथा सामग्री बरामद गरेको छ । मध्यवर्ती क्षेत्र भनेको आरक्ष तथा निकुञ्जभित्रको महत्त्वपूर्ण संरचना भएकाले यसको संरक्षण हाम्रो पहिलो जिम्मेवारी हो, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष जङ्गबहादुर खड्काले भन्नुभयो, स्थानीय समुदायका समस्या बुझ्ने, उनीहरूलाई सहयोग गर्ने र ती समस्यालाई सरकारले सुन्नेगरी सम्बोधनका लागि पुऱ्याउने काम हाम्रो प्रमुख दायित्व हो ।

उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्वका घटनामा स्थानीय बासिन्दाले भोग्ने पीडा र क्षति निकै चुनौतीपूर्ण हुने भएकाले यसको व्यवस्थापनमा समुदाय, नेपाली सेना र निकुञ्ज कार्यालयबिच सहकार्य गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, हात्ती वा अन्य वन्यजन्तुबाट बाली नोक्सान, घर भत्किने, ज्यान-धनको क्षति हुनेजस्ता घटनामा राहत उपलब्ध भइरहे पनि धेरैजसो समयमा त्यो सहयोग ढिलो पुग्ने गरेको छ । राहत तथा क्षतिपूर्तिको प्रक्रिया सरल, छिटो र सहज हुने नीतिगत सुधार भए जनताले अझ प्रभावकारी सहयोग पाउने अध्यक्ष खड्काले बताउनुभयो ।

अध्यक्ष खड्काले द्वन्द्व न्यूनीकरणका लागि क्षति बढी हुने क्षेत्रपहिचान गरी अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । उहाँले भन्नुभयो, "पहिले क्षतिको प्रकृति बुझेर तत्काल राहत व्यवस्थापन गर्नुपर्छ । संरक्षणमा स्थानीय समुदायको भूमिका महत्त्वपूर्ण छ, किनकि जनावर पनि बाँच्न पाउनुपर्छ भन्ने बुझाइ समुदायमा छ । हामी त्यही समझदारी र राज्यबिच पुलको भूमिकामा काम गरिरहेका छौँ ।"

सेनाको नियमित गस्ती, तस्करी नियन्त्रण, साना ठुला अवैध गतिविधिमा निगरानी, सूचना आदान-प्रदान, संयुक्त अपरेसन, जोखिमयुक्त क्षेत्र पहिचान र अस्थायी चेकपोइन्ट स्थापनाले सुरक्षामा उल्लेखनीय सुधार ल्याएको आरक्ष प्रमुख यादवको भनाइ छ । उहाँले भन्नुभयो, "सेनाको उपस्थितिबाट आरक्षको वन्यजन्तु गणना, जैविक पर्यटन, पर्यटक सुरक्षा र संरक्षण गतिविधि व्यवस्थित र प्रभावकारी भएको छ । आरक्ष कार्यालयले सेना, स्थानीय सरकार र समुदायसँग मासिक बैठक गरी उच्च जोखिम क्षेत्र पहिचान गरी आवश्यक अपरेसन गर्दै आएको छ ।" ***रासस***

**होइन...**

इजरायली शासनले जनवरी २०२४ मा आइसिजे (ICJ) को फैसलामा गाजामा नरसंहारको सम्भावित कार्यहरू भइरहेको ठहर गरिएको अन्तरिम उपायहरूको पनि पालना गरिरहेको छैन । यी उपायहरूमा नरसंहारको कार्यहरू रोक्ने, नरसंहारको लागि उक्साउने कार्यलाई रोक्ने र दण्ड दिने र गाजामा मानवीय सहायतालाई अनुमति दिने समावेश थियो । त्यसबेलादेखि, अदालतले धेरैपटक आफ्नो अन्तरिम उपायहरूलाई पुन: पुष्टि गरेको छ । इजरायली शासनले तिनीहरूलाई बेवास्ता गरिरहेको छ ।

अनि त्यो किनभने अन्तर्राष्ट्रिय स्तरमा, उसले अभूतपूर्व कूटनीतिक, वित्तीय र सैन्य आवरणको आनन्द लिइरहेको छ । गाजाको लागि संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको २० बुँदे योजनालाई समर्थन गर्दै यसको पछिल्लो पुनरावृत्ति नोभेम्बर १७ मा आयो जब संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले २८०३ पारित गऱ्यो ।

यसका प्रावधानहरूमध्ये गाजाको नियन्त्रण लिने दुई निकायहरूको गठन पनि समावेश छ । ट्रम्प आफैँले अध्यक्षता गर्ने शान्ति बोर्ड र अन्तर्राष्ट्रिय स्थिरीकरण बल जसले प्यालेस्टिनी समूहहरूको सुरक्षा कायम राख्ने र नि:शस्त्रीकरण लागु गर्ने जिम्मेवारी पाएको । दुवै निकायको शासकीय संरचना अझै अस्पष्ट छ । प्यालेस्टिनी जनतामाथि विदेशी नियन्त्रणको अर्को तह प्रभावकारीरूपमा स्थापित गर्दै तिनीहरूले इजरायली शासनसँग समन्वयमा काम गर्नेछन् ।

यो प्रस्तावले सहायता वितरणमा अवस्थित स्थानीय र अन्तर्राष्ट्रिय संरचनाहरूलाई बाइपास गर्न पनि अनुमति दिन्छ । यसले नरसंहारको कुनै उल्लेख गर्दैन र युद्ध अपराधको लागि जवाफदेहिताको लागि कुनै संयन्त्र प्रस्ताव गर्दैन । मूलत: यो प्रस्तावले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्दछ र नरसंहारको सह-अपराधी अमेरिकालाई गाजामा नियन्त्रण गर्ने दिन्छ ।

यी सबै कुराले यो तथ्यलाई स्पष्ट पार्छ कि 'युद्धविराम' वास्तवमा युद्धविराम नै होइन । इजरायली शासनले गाजामा आक्रमण गर्न जारी राखेको छ, प्यालेस्टिनी जनतालाई भोकै राखी र उचित आश्रय र स्वास्थ्य सेवामा पहुँचबाट वञ्चित गरेको छ ।

यस व्यवस्थालाई युद्धविराम भन्नाले तेस्रो राष्ट्रहरूलाई द्वन्द्व समाधान र शान्तिमा पनि प्रगति दाबी गर्न अनुमति दिन्छ जबकि जमिनमा प्यालेस्टिनीहरूको मूल नरसंहारको वास्तविकता धेरै हदसम्म अपरिवर्तित रहन्छ । 'युद्धविराम' एक कूटनीतिक ढोङ हो - गाजामा प्यालेस्टिनी जनताको निरन्तर विनाश, विस्थापन र नामेत गर्ने कामको आवरण हो र अन्तर्राष्ट्रिय जनता र मिडियाको लागि ध्यान भङ्ग गर्ने कुरामात्र हो ।

# जैविक तटबन्धले जोगायो विद्यालय

सिरहा, १३ मङ्सिर । चुरे पर्वतको काखबाट बग्ने बेतहा खोलाको त्रासले लहान नगरपालिका-१५ स्थित करिब ८० घरधुरी रहेको बेतहा बस्ती र त्यहाँको आधारभूत विद्यालय बेतहालाई हरेक वर्ष सताउने गर्दथ्यो । लहानको मुख्य बजारबाट करिब २० किलोमिटरको दूरीमा अवस्थित यो दुर्गम क्षेत्रमा वर्षायाम सुरु हुनासाथ बेतहा खोलाले रौद्र रूप लिँदा सबैको मनमा सधैँ डर हुन्थ्यो ।

हिउँदमा शान्त देखिने बेतहा खोला वर्षा सुरु हुनासाथ रौद्र रूप लिन्थ्यो र यसको प्रहार सिधै विद्यालयमाथि पर्थ्यो । "खोलाले किनारा कटान गर्दै जाँदा विद्यालय भवन नै जोखिममा परेको थियो । कुन बेला के हुने हो, थाहा नै हुन्न थियो," विद्यालयका प्रधानाध्यापक सुन्दरलाल चौधरी विगत सम्झँदै भन्नुहुन्छ, "सारा विद्यार्थीको भविष्य अन्धकारमा धकेलिन लागेको थियो । वर्षा लागेपछि त विद्यालय नै बन्द गर्नुपर्थ्यो ।"

बेस्सरी कटान हुँदै आएको बेतहा खोलाले विद्यालयको चौर डुबाउँथ्यो, कक्षाकोठा चिस्याउँथ्यो र विद्यार्थीको उज्ज्वल भविष्य हरेक वर्षाको बाढीसँगै बग्दै जाने डर पनि उत्तिकै थियो । यस दुर्गम बस्तीको अस्तित्वलाई नै प्रश्नको घेरामा पुऱ्याइरहेको बेतहा खोलाले विद्यालय मात्र होइन, छेउमै रहेको स्थानीय स्वास्थ्य चौकीलाई पनि उत्तिकै जोखिमपूर्ण बनाएको थियो ।

नगरपालिकाले स्थानीयको सहजताका लागि एक स्वास्थ्यकर्मीसहित ढोडना स्वास्थ्य चौकीको एक शाखा यहाँ खोलेको थियो । तर, बाढी आएपछि औषधि, उपकरण र कर्मचारी सबै जोखिममा पर्थे । स्थानीयका लागि बनेको सुविधा बाढीको एक झट्कामै बन्द हुने डरले सधैँ घेरेको हुन्थ्यो ।

बेतहा बस्तीका बासिन्दालाई आफ्नो घर, विद्यालय र स्वास्थ्य सेवा जोगाउन प्रकृतिसँग हरेक वर्ष सङ्घर्ष गर्नुपर्ने बाध्यता थियो । यो वर्षको दृश्य फरक छ । बस्ती जोगाउने अभियान अब प्रकृति र स्थानीयबिचको सफल सहकार्य बनेको छ ।

करिब छ महिनाअघि लहान नगरपालिकाको समन्वयमा सुरु भएको संरक्षण परियोजनाले यहाँ नयाँ आशा जन्मायो, जैविक तटबन्ध । केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घ ( फेकोफन), राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल र गाउँलेको सामूहिक प्रयास तथा श्रमदानबाट यो तटबन्ध निर्माण गरिएको थियो ।

बर्खा सुरु हुनुअघि नै स्थानीय स्रोतसाधनको उपयोग गर्दै बाँस, घाँस, बिरुवा र स्थानीय प्रजातिका बोटबिरुवा लगाएर नदी किनारलाई मजबुत बनाउने काम थालियो । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का कार्यक्रम अधिकृत टेकेन्द्र साह भन्नुहुन्छ, "जैविक तटबन्ध बनाउँदा खर्च कम हुने, दीर्घकालीन रूपमा माटो सम्हाल्ने क्षमता बढ्ने र वातावरण मैत्री हुने भएकाले हामीले यसलाई प्राथमिकता दिएका हौँ ।"

केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदिश भट्टकाअनुसार, यस परियोजनाअन्तर्गत बेतहा क्षेत्रमा तीनवटा जैविक तटबन्ध निर्माण गरिएको छ । उहाँ भन्नुहुन्छ, "संस्थाको तर्फबाट केही न्यूनतम बजेट र स्थानीयको श्रमदानबाट यस्ता जैविक तटबन्ध निर्माण गरिएका हुन्, जसले पहिरो नियन्त्रणमा पनि काम गरिरहेको छ ।" उहाँका अनुसार अन्य ठाउँमा पनि स्थानीयसँगको सहकार्यमा क्रमश: जैविक तटबन्ध निर्माण गरिनेछ ।

यस प्रकारको तटबन्ध सफल अनि प्रभावकारी देखिएको वडा नं १५ का अध्यक्ष तेजनारायण चौधरीको भनाइ छ । उहाँ आफ्नो वडा बाढी, पहिरो र नदी कटानको बढी जोखिम क्षेत्र भएकाले अन्यन्त्र पनि यस्तै विधि अपनाई नियन्त्रण गर्न लागिपर्ने बताउनुहुन्छ ।

कटान रोक्न सकिने भएपछि स्थानीयको उत्साह झन् बढेको छ । वर्षौंदेखि खोला कटानको भयले असुरक्षित महसुस गर्दै आएका उनीहरू अहिले भने आत्मविश्वासका साथ भविष्य कल्पना गर्न थालेका छन् । "हामीले आफैंले बनाएको सुरक्षाले अब ढाडस दिएको छ," स्थानीय विचारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कर्णबहादुर तामाङ्गले भन्नुभयो, "समुदायको श्रम र एकताको बलले खोलोलाई नियन्त्रण गर्न सकिने रहेछ भन्ने बुझ्यौँ । यसले हामीलाई हाम्रो बस्ती सुरक्षित रहन्छ भन्ने भरोसा दिलाएको छ ।"

जैविक तटबन्ध सस्तो, दिगो र वातावरणमैत्री मात्र होइन, स्थानीयले नै बनाउन र मर्मत गर्न सक्छन् । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल सिरहाका सचिव रुद्र नारायण चौधरीका अनुसार, यस्ता जैविक तटबन्धले वर्षेनी दोहोरिने बाढी-पहिरोको जोखिम कम गर्नुका साथै वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारीमा पनि सकारात्मक प्रभाव पार्छ । ***(रासस)***

# सैन्य कूपछि गिनी–बिसाउ अफ्रिकी युनियनबाट निलम्बित

डकार (सेनेगल), १३ मङ्सिर ( एपी) । अफ्रिकी युनियन (एयु) ले गिनी–बिसाउमा हालै भएको सैन्य कूलाई असंवैधानिक परिवर्तनका रूपमा व्याख्या गर्दै उक्त राष्ट्रलाई सङ्गठनबाट निलम्बन गर्ने निर्णय गरेको छ । एयुले असंवैधानिक कदमप्रति आफ्नो शून्य सहिष्णुता दोहोर्‍याउँदै संवैधानिक शासन पुन:स्थापित नहुञ्जेलसम्म गिनी–बिसाउलाई सबै गतिविधिबाट यथाशीघ्र निलम्बन गर्नुपर्ने निष्कर्ष निकालेको हो ।

शुक्रबार एयु शान्ति तथा सुरक्षा परिषद्ले पारित गरेको प्रस्ताव अनुसार ‘सरकारका असंवैधानिक परिवर्तनहरूमा शून्य सहिष्णुता’ नीति पुन: पुष्ट्याइयो । सोही आधारमा गिनी–बिसाउ गणतन्त्रलाई एयु, यसको अङ्गसंस्था तथा निकायहरूका सबै कार्यक्रम र निर्णय प्रक्रियामा सहभागी हुन नदिने निर्णय तत्क्षण प्रभावसहित लागू गरिएको परिषद्को भनाइ छ ।

विश्वका अत्यन्तै गरिब राष्ट्रहरूमध्ये पर्ने गिनी–बिसाउ पछिल्लो पाँच दशकदेखि निरन्तर कू र कू प्रयासले अस्थिर रहँदै आएको छ । पोर्चुगलबाट स्वतन्त्रता प्राप्त गरेको करिब ५० वर्षपछि पनि देशमा राजनीतिक अस्थिरता गहिरिँदै गएको विज्ञहरूको आकलन छ । करिब २२ लाख जनसङ्ख्या रहेको यो देश ल्याटिन अमेरिका र युरोपबीचको लागुपदार्थ तस्करीको मुख्य मार्गका रूपमा परिचित भइरहेको छ, जसले राजनीतिक सङ्कटलाई झनै बढाएको विश्लेषण गरिन्छ ।

पश्चिम अफ्रिकी क्षेत्रीय ब्लक ‘इकोवास’ ले पनि बिहीबार गिनी–बिसाउलाई संवैधानिक शासन पुन:स्थापना नहुँदासम्म निर्णय तहहरूबाट निलम्बन गरेको थियो । राष्ट्रपति तथा विधायी चुनाव सम्पन्न भएको केही दिनपछि बुधबार सैन्य अधिग्रहण भएको थियो । सो चुनावपछि वर्तमान राष्ट्रपति उमरो सिसोको एम्बालो र विपक्षी नेता फर्नान्डो डायस दुवैले आफू विजयी भएको दाबी गरेका थिए, जसले राजनीतिक तनावलाई अझ चर्काएको बताइन्छ ।

राष्ट्रपति एम्बालो सेनेगल सरकारले भाडामा उपलब्ध गराएको उडानमार्फत बिहीबार छिमेकी सेनेगल आइपुग्नुभएको थियो । कूपछि गिनी–बिसाउको सैन्य उच्च कमान्डले पूर्व सेना प्रमुख जनरल होर्टा इन्टा–ए–लाई सैन्य सरकार प्रमुखका रूपमा औपचारिक रूपमा स्थापित गरेको राज्य टेलिभिजनले प्रसारण गरेको छ । उहाँको नेतृत्वमा एक वर्ष लामो सङ्क्रमणकाल सञ्चालन गरिने बताइएको छ ।

# प्रथम भक्तपुरव्यापी कप फुटसल प्रतियोगिता सम्पन्न

भक्तपुर, १३ मङ्सिर । प्रथम भक्तपुरव्यापी कप फुटसल प्रतियोगितामा फुटजोन फुटसल चरी क्लब एन टी बी ब्वाइजलाई ४-२ गोलले पराजित गरी प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

भक्तपुर जिल्लाका २० टीमले सहभागिता जनाएको उक्त प्रतियोगिता फुटजोन फुटसल क्लवले आयोजना गरेको थियो ।

प्रतियोगिताको समापन समारोहमा नेपाल भलिबल सङ्घका उपाध्यक्ष एवं नेपालको पहिलो अन्तर्राष्ट्रिय भलिबल रेफ्री गौतमप्रसाद लासिवाले खेलकुद मित्रता र सार्वभौमिकता रक्षाको लागि सम्पूर्ण युवाहरूको लागि आवश्यक भएको बताउँदै यसले राष्ट्रिय गौरव र युवाहरूको स्वास्थ्यलाई राम्रो बनाउने बताउनुभयो ।

उहाँले धेरै खेलकुद प्रतियोगिता हुने र अभ्यास स्थल भएको देशमा अस्पतालमा बिरामी कम हुने र विद्यार्थीकालमा नै खेलकुदमा सहभागी विद्यार्थीहरू भविष्यको असल, अनुशासित तारा हुने पनि बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका सुमन ग्वाछ्ाले खेलकुद विकासको लक्ष्य लिएर प्रतियोगिता आयोजना गरेकोमा सहयोग गर्ने सम्पूर्ण सङ्घसंस्थाहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

फाइनल खेल सम्पन्न भएपछि पुरस्कार वितरण समारोहमा कार्यक्रमका प्रमुख अतिथि लासिवाले विजेता टिम फुटजोन फुटसल चरी क्लवलाई रु. पचास हजार नगदसहित शिल्ड मेडल र प्रमाणपत्र वितरण गर्नुभयो । त्यस्तै द्वितीय हुने एन. टी. बी. ब्वाइज बोडेलाई रु. पच्चीस हजार नगदसहित शिल्ड मेडल प्रमाण पत्र वितरण गरिएको थियो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नगर शिक्षा शाखा

## एसईई तयारी परीक्षा-२०८२ सम्बन्धी सूचना

यस भक्तपुर नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका (सामुदायिक र संस्थागत) विद्यालयहरूमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि नगरपालिकाद्वारा सञ्चालन हुने एसईई तयारी परीक्षा-२०८२ को परीक्षा आवेदन फाराम मिति २०८२ मङ्सिर १२ गते शुक्रबारदेखि खुला गरिएको हुँदा सम्बन्धित सम्पूर्ण विद्यालयहरूलाई सम्पर्कको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै कक्षा १० का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने एसईई तयारी परीक्षा-२०८२ तपसिलबमोजिम सञ्चालन हुने गरी परीक्षा तालिका प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ ।

**परीक्षा आवेदन फाराम बुझाउने अन्तिम मिति :**
१) २०८२ पुस ७ गते, सोमबार

**परीक्षा तालिका**

**समय : बिहान ८:०० बजेदेखि**

| क्र.सं. | मिति | विषय | |
|---|---|---|---|
| | | साधारणतर्फ | प्राविधिकतर्फ |
| १ | २०८२।०९।२४, बिहीबार | अनिवार्य अङ्ग्रेजी | अनिवार्य अङ्ग्रेजी |
| २ | २०८२।०९।२५, शुक्रबार | अनिवार्य नेपाली | अनिवार्य नेपाली |
| ३ | २०८२।०९।२८, सोमबार | अनिवार्य गणित | अनिवार्य गणित |
| ४ | २०८२।०९।२९, मङ्गलबार | अनिवार्य विज्ञान तथा प्रविधि | अनिवार्य विज्ञान तथा प्रविधि |
| ५ | २०८२।०९।३०, बुधबार | अनिवार्य सामाजिक अध्ययन | Building Construction and Drawing |
| ६ | २०८२।१०।०२, शुक्रबार | ऐच्छिक प्रथम पत्र सबै | Optional Mathematics |
| ७ | २०८२।१०।०४, आइतबार | ऐच्छिक द्वितीय पत्र सबै | Engineering Surveying-I |
| ८ | २०८२।१०।०५, सोमबार | | -Estimating Costing and Supervising-I |
| ९ | २०८२।१०।०६, मङ्गलबार | | -Highway Engineering |

क) माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका क्रियाकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०८२ पुस १० गतेसम्म सञ्चालन गरी तोकिएको ढाँचाको Markslip २०८२ पुस १५ गतेभित्र नगर शिक्षा शाखामा Hard Copy र Soft Copy दुवै बुझाउनु पर्नेछ । साथै प्रयोगात्मक परीक्षाको परीक्षा तालिका नगर शिक्षा शाखामा जानकारी गराउनुपर्नेछ ।
ख) परीक्षामा सहभागी हुने विद्यार्थीहरूको समष्ठिगत विवरण शिक्षा शाखाले पठाएको ढाँचामा २०८२ पुस १० गतेभित्र Hard Copy र Soft Copy दुवै बुझाउनुपर्नेछ ।
ग) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**०१–६६१०११६**


# नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिहरूले इमानदारीपूर्वक जनताको सेवा गर्दै छन्




भक्तपुर, १३ मङ्सिर । संगम बचत तथा ऋण सहकारी संस्थाको अठारौँ साधारणसभा शनिबार सम्पन्न भयो ।

सभामा भक्तपुर नगरपालिकाको सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले देश र जनताको सेवामा भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतमा प्राथमिकता दिई कार्य गरिरहेको जानकारी दिनुभयो ।

नगरवासीको आर्थिक र सांस्कृतिक स्तर उठाउन भक्तपुर नगरपालिकाले विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको उल्लेख गर्दै उहाँले निर्वाचनमा व्यक्त गरेका प्रतिबद्धताअनुसार जनप्रतिनिधिहरूले इमानदारीपूर्वक कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरमा सञ्चालित सहकारी संस्थाहरूको विशेष आर्थिक सहयोगबाट नै ख्वप अस्पतालले अक्सिजन प्लान्ट जडान गर्न सफल भएकैले ख्वप अस्पतालले बिरामीहरूको लागि नि:शुल्क अक्सिजन वितरण गर्न सकेको हो, उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, “नगरवासीको हितलाई ध्यानमा राखेर नै भनपाले विभिन्न ठाउँमा आवास योजना सञ्चालन गरिरहेको हो । यसैको निरन्तरता देको–मिबा–इतापाके जग्गा एकीकरण आयोजना पनि हो ।”

भक्तपुर जिल्ला बचत तथा सहकारी संस्थाका प्रतिनिधि कृष्णगोविन्द लाखाले सहकारीको नीति भनेको सहकार्य र सहयोग भएकोले बचतकर्ताको हित हुने आर्थिक उन्नतिका गतिविधि सञ्चालन गरिरहनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “सञ्चालक समितिका पदाधिकारीहरूले आफ्नो व्यक्तिगत स्वार्थभन्दा पनि सदस्यहरूको हितमा सीपमूलक तालिम र व्यवसाय प्रवर्द्धनसम्बन्धी तालिम दिनु जरुरी छ, यसो गर्न सकेमा सहकारीको वास्तविक उद्देश्य पूरा हुनेछ ।”

संस्थामा सल्लाहकारद्वय राजाराम चवाल र न्हुछेराम भेलेले संस्थाले स्थापनाकालदेखि नै जनताको समस्या समाधान गर्दै आयस्रोत बढ्ने गतिविधिलाई जोड दिँदै आएको छ भन्नुभयो । समुदायमा आधारित सहकारीले सामाजिक कार्यमा सहकार्य गर्दै निमुखा जनताको आर्थिक उन्नतितर्फ सहकारीले ध्यान दिनुपर्नेमा उहाँहरूले जोड दिनुभयो ।

साधारणसभाबाट संस्थाको प्रगति प्रतिवेदन, विभिन्न गतिविधि र निर्णय तथा आर्थिक प्रतिवेदनहरू पारित गरियो ।

कार्यक्रममा संस्थाका सचिव विजय लोहला, कोषाध्यक्ष बलराम नागा, लेखा समिति संयोजक पुण्यराम भेले, सञ्चालक सदस्य विकास तमखु र विश्वगणेश हाकुदुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रम संस्थाका अध्यक्ष बलराम सिबन्जारको सभापतित्वमा भएको थियो ।

**शिक्षा...**

अहिले दलाल दलहरूले भ्रष्टाचारी, अपराधीहरूलाई पनि टीका लगाएर सरल तरिकाबाट पार्टी प्रवेश गराएर राजनीतिलाई बदनाम गराइरहेको धारणा उहाँले राख्नुभयो ।

उहाँले राजनीति भनेको नैतिकता आदर्श र सुसंस्कार भएको स्पष्ट पार्नभयो । अहिले शासक दलहरूले गरिरहेको भागबन्डा, भ्रष्टाचार र विदेशीको दलाली गर्नु राजनीति हुन नसक्ने सांसद गोसाईंको धारणा थियो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिका वडा नं ९ का अध्यक्ष रवीन्द्र ज्याख्वले विदेशमा अध्ययन गरे पनि स्वदेशमा अध्ययन गरे पनि आफूले सिकेको ज्ञान, सीप, प्रविधि र दक्षता आफ्नै समाजलाई हित हुने गरी उपयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “नपढ्नेहरूले बरु रेमिट्यान्स पठाएर र स्वदेश फर्केर देशको सेवा गर्छन् तर राज्यले लगानी गरेका पढेलेखेकाहरू भने विदेशमा गएर उतै बस्छन् । यो परिपाटीको अन्त्य हुनुपर्छ र सिकेको सीप र ज्ञान यही माटोका लागि योगदान दिनुपर्छ ।”

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले शैक्षिक योग्यता, सैद्धान्तिक ज्ञानले देश र समाजलाई योगदान पुग्नेमा विश्वास व्यक्त गर्नुभयो ।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले भक्तपुरलाई शिक्षाको हब बनाई शैक्षिक गन्तव्य बनाउनका लागि वागीश्वरी लागिपरेको बताउँदै वागीश्वरीले करिब करोड रूपैयाँको छात्रवृत्ति दिइरहेको र शैक्षिक ज्ञानसँगै अन्य सीपमूलक रोजगारमूलक तालिमहरू नन क्रेडिट कोर्सअन्तर्गत दिइरहेको जानकारी दिनुभयो ।

वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले जुनसुकै काम गरे पनि वागीश्वरी झल्किनुपर्ने धारणा राख्दै भोलि समाजमा जे काम गरे पनि इमान्दनरिता देखिनुपर्ने बताउनुभयो ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा मानविकी सङ्कायका प्रमुख राजन फेलुले स्वागत गर्नुभएको थियो । यसैगरी शिक्षक विनोद प्रजापति, विद्यार्थीद्वय भावना भँडेल र श्रृजना प्रजापतिले आआफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले गीत नृत्य प्रस्तुत गरेका थिए ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।
- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं ।
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं ।
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं ।
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं ।
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं ।
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं ।
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलव्ध गराऔं ।
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं ।
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं ।
- कृषि पेसाप्रति सम्मान र गौरव गरौं ।

***कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।***

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा